म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ६४ मंगलबार १६ असोज २०८० ने. सं. ११४३ ञलगा 3 October 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चुरियामाईमा सवारी दुर्घटना हुँदा ९ जना घाइते

हेटौंडा, १५ असोज/मकवानपुर र बाराको सीमाक्षेत्र हेटौंडा-१५ चुरियामाइस्थित पूर्व-पश्चिम राजमार्गमा सोमबार बिहान सवारी दुर्घटना हुँदा ९ जना घाइते भएका छन् । वीरगंजबाट काठमाडौंतर्फ आउँदै गरेको प्रदेश २-०३-००१ ज २११ नम्बरको विङ्गर र नेपालगंजबाट सिन्धुली तर्फ जाँदै गरेको ना ७ ख १६४३ नम्बरको बस एकापसमा ठोक्किएर दुर्घटना हुँदा ९ जना घाइते भएको मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । उनका अनुसार, दुर्घटनामा परेर घाइते भएकाहरुको हाल पहिचान खुलेको छैन । उनीहरुलाई उद्दार गरेर उपचारको लागि हेटौंडा अस्पताल ल्याइएको छ । दुवै सावारी साधनसहित चालकलाई प्रहरीले नियन्त्रणमा लिई घटनाको बारेमा आवश्यक अनुसन्धान गरि रहेको मकवानपुर प्रहरीले जनाएको छ ।

# सरकार हराएको आरोपमा मुख्यमन्त्रीको जवाफ, 'बागमती प्रदेशमै छ'

## चिठ्ठा विधेयक पुन:विचारलाई प्रदेशसभामा तनाव

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ चाडपर्व नजिकिएसँगै उपभोक्ताको ढाड सेकिने गरी महंगी बढ्दा पनि बागमती प्रदेश सरकार हराएको सांसदहरुको आरोपलाई मुख्यमन्त्री शालिकराम जम्कट्टेलले ठट्यौली शैलीले जवाफ दिएका छन् ।



दैनिक उपभोग्य वस्तुको महंगीले आकाश छोएको सांसदहरुको गुनासो र नियन्त्रण तथा नियमनमा प्रदेश सरकार चुकेको भन्दै हराएको आरोप लगाउँदा मुख्यमन्त्री जम्मकट्टेलले प्रदेश सरकार बागमती प्रदेशमै रहेको ठट्यौली जवाफ फर्काएका हुन् । जम्कट्टेलले सर कार बागमती प्रदेशमै रहेको बताएका हुन् । आइतवार र सोमवार बसेको प्रदेशसभाको बैठकमा सांसदहरुले देशमा मंहगीले आकाश छोएको अवस्थामा सरकार हराएको भन्दै सरकारको खोजी गरेका थिए । सांसदहरुको प्रश्नको जवाफ दिँदै सोमबारको प्रदेशसभा बैठकमा मुख्यमन्त्री जम्कट्टेलले सरकार बागमती प्रदेशमै रहेर काम गरिरहेको बताएका हुन् ।

आइतबार बसेको प्रदेश सभा बैठकको शून्य समयमा बोल्ने अधिकांश सांसदले सरकारले मूल्यवृद्धि नियन्त्रणमा ध्यान दिन नसकेको बताएका थिए । बैठकमा आफ्नो धारणा राख्दै नेकपा एमालेका सांसद केशवप्रसाद पोखरेलले जनता महंगीको फन्दामा परेको समयमा सरकार भने आफ्नै धन्दामा व्यस्त रहेको आरोप लगाएका थिए । उनले पछिल्लो समय सर कारविरुद्ध चरमआन्दोलन भइरहेको बेलामा सरकार वैदेशिक भ्रमणमा व्यस्त रहेको आरोप लगाए ।

राप्रपाकी सांसद आशा लामाले जनता दैनिक जीवनयापनको लागि समस्या भोगिरहेको समयमा सरकारले चाडपर्वको मुखमै मूल्यवृद्धि उपहार दिएको आरोप लगाएकी थिइन् । सरकारले राहत दिनुपर्ने समयमा उल्टै कानमा तेल हालेर बसेको उनको दाबी थियो । सरकारलाई जिम्मेवार बन्न उनको आग्रह थियो ।

सोमबार जवाफ दिने क्रममा सरकारका प्रमुख जिम्मेवार व्यक्तिसमेत रहेका मुख्यमन्त्री जम्कट्टेलले भने, 'सरकार बागमती प्रदेशमै छ । काम गरिरहेकै छ । सरकारले के काम गऱ्यो भनेर थाहा पाउन मन्त्रालयमा गएर बुझ्नुपर्छ ।', 'सरकारको समग्र काम आर्थिक वर्षको अन्तिममा थाहा पाउन सक्नुहुन्छ यहाँहरुले ।', जम्कट्टेलले प्रतिपक्षी दलका सांसदहरुलाई विरोधको लागि विरोध नगर्न आग्रहसमेत गरे । उनले संसदमा कुनैपनि दलको बहुमत नभएको भन्दै एक वा एक भन्दा दलसँग मिल्नुको विकल्प नरहेको समेत प्रष्ट्याए । उनले बागमती सरकारले कार्यविधि सबै तयारी भएको बताउँदै सरकारले कृषि, पर्यटनसँग सम्बन्धित लगायतका मन्त्रालयहरुले अर्थ मन्त्रालय र कानुन मन्त्रालयहरुबाट सहमति लिएर अन्तिम चरणमा पुगेको बताए ।

युवाहरुका क्षेत्रमा तालिम ल्याउन आगामी दिनमा सरकारले प्रदेशभित्रै काम मिलाउने गरी तालिम प्रदान गर्ने गरी बहुवर्षीय आयोजनामा लाने तयारी गरेको उनको भनाई थियो । सरकारले १३ वटै जिल्लाबाट सेवा प्रदान गर्ने गरि १३ वटै जिल्लामा कार्यालय स्थापना गर्न अन्तिम चरणमा पुगेको समेत बताए । उनले हेटौंडा-काठ्माडौं आउने बाटोको विषयमा सरकारले दुईवटा बाटोलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताए । मातातीर्थबाट आउने बाटो र अर्को फर्पिङ हुमाने हुँदै आउने बाटोलाई जोड दिएको र ठेकदारलाई पटकपटक बोलाएर मंसिरभित्र बाटो पिच गरिसक्न आग्रह गरेको बताए ।

ठेकदारले माघ महिना भित्रको समय मागेको हुँदा सरकार ले थप समय दिएको उनको भनाई थियो । प्रदेशसभाको भवनको विषयमा छिटो टेण्डरमा लगाएर अगाडि बढाउन आग्रह गरेको जम्कट्टेलले बताए । उनले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको भवन नहुँदा खर्चिलो भएको भन्दै काम अगाडि बढाइएको जानकारी दिएका छन् । चिठ्ठा विद्येयकको विषयमा प्रतिपक्षी नबुजेर तरङ्गित भएको उनले आरोप लगाए । जम्मकट्टेलले प्रदेशसभाको समितिको सभापतिको कुरा एक दुई दिनभित्रै सबै दलहरुलाई सहभागि गराएर टुंगो लगाउने बताएका छन् ।

**चिठ्ठा विधेयक पुन:विचारलाई प्रदेशसभामा तनाव**

बागमती प्रदेश सरकारले यसअघि ल्याएको विवादास्पद चिठ्ठा विधेयक 'चोर बाटो'बाट पुनर्विचारको लागि प्रस्ताव प्रस्तुत गर्न खोजेपछि सोमबारको प्रदेशसभा बैठकमा तनाव नै भयो ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सांसदहरु विवादास्पद चिठ्ठा विधेयक पुन:विचारका लागि प्रस्तुत गर्न खोजेपछि रोष्टम घेर्न जाँदा मर्यादापालकहरुसँग घम्साघम्सी नै परेको थियो । विरोधमा उत्रिएका सांसदहरु रोष्टम माथि नै चढ्न खोजेपछि सभामुख भुवन पाठकले प्रदेशसभा बैठक १५ मिनेटका लागि स्थगित गरेका थिए । प्रदेश सांसदहरुको विरोधका कारण प्रदेशसभा बैठकको स्थिति तनावमय बनेको हो ।

प्रदेशसभामा प्रस्तुत हुने विधेयकबारे सांसदहरूलाई पूर्वजानकारी नै नदिई सिधै चिठ्ठा विधेयक बैठकमा टेबुल गर्न खोजेपछि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले विरोध गरेको हो । आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठको तर्फबाट आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाले प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई पुन: विचारका लागि प्रस्ताव प्रस्तुत गरेका थिए ।

प्रदेशप्रमुख यादवचन्द्र शर्माले २०८० जेठ ७ गते पुन:विचार हुन आवश्यक रहेको सन्देशसहित विधेयक प्रदेशसभामा फिर्ता पठाइदिएका थिए । यो विधेयक २०८० वैशाख १२ गते बसेको प्रदेशसभा बैठकबाट पारित भई प्रमाणीकरणका लागि प्रदेशप्रमुख कार्यालयमा पठाइएको थियो । चिठ्ठा विधेयक 'कालो धनलाई, सेतो बनाउन' प्रयोग हुने आशयको सन्देशसहित प्रदेशप्रमुख शर्माले प्रदेशसभामा पठाएका थिए । लामो समयदेखि प्रदेशसभामै थन्किएको चिठ्ठा विधेयक पुन: पारित गरेर प्रमाणीकरणका लागि प्रदेशप्रमुखकोमा पठाउने सरकारको तयारी छ ।

आम्दानी स्रोत बढ्छ भन्ने नाममा विश्लेषण नगरी विधेयक पुन: ल्याइएकोमा विरोध गरेको एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले बताए । सरकारसँग चिठ्ठा विधेयक पुन: ल्याउनुको औचित्य पुष्टि गर्न माग गरेको उनको भनाइ छ । 'जनताका आवश्यकताको मुद्दामा कुनै विधेयक नल्याई चिठ्ठा विधेयक अगाडि सार्नु सरकारको राम्रो संकेत हैन ।', थपलियाले भने । विधेयकको अध्ययन नगरी सिधै ल्याइएकोमा आपत्ति रहेको थपलियाले बताए । उनले व्यक्तिको स्वार्थका आधारमा र कसैलाई भरणपोषण गर्न चिठ्ठा विधेयक ल्याइएको आरोप लगाए ।

# प्रहरी कार्यालयमै एम्बुलेन्स रोकिँदा महिलाको मृत्यु




साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ हेटौंडामा आइतबार मध्यरातमा हेटौंडा-४ को रानीदरबार अगाडि बकैया गाउँपालिकाको एउटा समूह र घुमुवा प्रहरीबीच विवादको घटनाले महिलाको मृत्यु भएको छ । घटनामा एक जना प्रहरी हस्पिटलमा भर्ना भएका छन् ।

एक घुमुवा प्रहरीले सडकमै एम्बुलेन्स रोकेर 'गलत हर्कत देखाउँदा' उत्पन्न परिस्थितिले जिल्ला प्रहरी कार्यालयमा सोमबार बिहानै तनावमा स्थिति बन्यो । गृहमन्त्री नारायणकाजी श्रेष्ठ आएकै दिन प्रहरीलाई महिला मृत्युको घटनाले तनाव बनाएको हो । काठमाडौंस्थित त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज परिसरमा रहेको मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर बाट डिस्चार्ज गरिएको बिरामी बोकेको ना २ च ८४३२ नम्बरको एम्बुलेन्स रोकेर घुमुवा प्रहरी सहायक हबल्दार डिल्लीराम शिवाकोटीले सडकमै 'हंगामा' गरेपछि महिलाको मृत्यु भएको जनाइएको छ ।

मकवानपुरको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिका-१ घर भएकी मुटु रोगको बिरामी ५६ वर्षीया चिरमाया लो बोकेर उनकै घरतर्फ लागिरहेको एम्बुलेन्स रोकेर घुमुवा प्रहरी शिवाकोटीले दादागिरी शैली देखाएपछि पीडामा रहेको परिवारसँग झगडा परेको थियो । एम्बुलेन्ससँगै काठमाडौंबाटै आएको एउटा टाटासुमोमा रहेका परिवारलाई लिन बकैयाबाट अर्को टाटासुमो आएको थियो । रानीदरबार अगाडि मेनरोडमै काठमाडौंबाट आएको टाटासुमो खाली गरेर बकैयाबाट आएको टाटासुमोमा बिरामीको परिवार चढ्नै लाग्दा सहायक प्रहरी हबल्दार शिवाकोटी आएका थिए । मादकपदार्थ सेवन गरेको दाबी गरिएको शिवाकोटीले सुरुमै एम्बुलेन्सको चाबी थुतेर गाडीमा लात बर्साउनुका साथै चालकमाथि हातपात गरेको आरोप लगाइएको छ ।

दुईवटा टाटासुमोमा पनि डाङ्डुङ पारेको मृतक महिलाको छोरा लालबहादुर वाइवाले जानकारी दिए । तपाई को हो ? भनेर सोध्दा म हेटौंडाको डन हो भन्दै गोली ठोक्ने धम्की दिएको वाइवाले सुनाए । शिवाकोटीले प्रहरी भएको कुनै जानकारी नदिएको र विवाद हुँदा मात्रै उनको साथबाट पेस्तोल र हत्कडी सडकमा झरेको वाइवाले बताए । विवाद हुँदै गर्दा जिल्ला प्रहरी कार्यालयको टोली घटनास्थलमा पुगेको र बिरामी परिवारका ५ जनालाई ल्याएर हिरासतमा राखिएको थियो । प्रहरीले एम्बुलेन्स नै प्रहरी कार्यालयमा ल्याएर राख्दा बिरामी महिलाको मृत्यु भएको छ ।

अक्सिजनको सहारामा घर लैजाँदै गरेको अवस्थामा उनको छोरा, ज्वाईहरु गरी ५ जना प्रहरी हिरासतमै रहँदा महिलाको मृत्यु भएको हो । करिब २ घण्टा एम्बुलेन्स प्रहरी कार्यालयमै राखिएको थियो । अक्सिजनको मात्रा ४० प्रतिशत मात्रै रहेको र अर्को अक्सिजन परिवर्तन गर्न नपाइएको उनका छोरा वाइवाले बताए । मृतक परिवारसँग विवाद हुँदा घुमुवा प्रहरी शिवाकोटी घाइते भएका छन् । उनको उपचार चितवनस्थित पुरानो मेडिकल कलेज भरतपुरमा भइरहेको प्रहरीले जानकारी दिएको छ । घटना अनुसन्धान भइरहेको मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

घटनामा संलग्न घुमुवा प्रहरी डिल्लीराम शिवाकोटी भएको उनले पुष्टि गरे । डिएसपी भण्डारीले प्रहरीको गल्ती देखिए विभागीय कारबाही गरिने पीडित परिवारलाई बताएका छन् । प्रहरीले मृतक महिलाको छोरा र ज्वाईसहित ५ जनालाई ४-५ घण्टा हिरासतमा राखेर सोमबार बिहानै छोडेको छ । घटनामा प्रहरीकै गल्ती देखेपछि एउटा सहमति पत्र गराएर उनीहरुलाई हिरासतमुक्त गरिदिएको हो । सहमतिपत्रमा घाइते सहायक हबल्दार शिवाकोटीको उपचार प्रहरी पक्षबाटै गराइने उल्लेख भएको छोरा वाइवाले जानकारी दिए । तर, प्रहरीले जुनसुकै बेला घटनालाई तोडमोड गेरर फसाउन सक्ने त्रासमा मृतक परिवार रहेका छन् ।

# गृहमन्त्री श्रेष्ठद्वारा मानवसेवा आश्रम मुख्य सेवाकेन्द्र निरीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ नेपाल सरकारका उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले हेटौंडास्थित मानवसेवा आश्रम मुख्य सेवाकेन्द्रको निरीक्षण गरेका छन् ।



यसअघि श्रेष्ठले मानव सेवा आश्रमको काठमाडौं सेवाकेन्द्र रानिवनको अवलोकन गर्दै आश्रितहरुलाई खाना खुवाएका थिए । भ्रमणको क्रममा मानवसेवा आश्रमको सेवालाई थप उचाइमा पुऱ्याउने प्रतिवद्धता गरेका उनले सो लगतै मानवसेवा आश्रमका अध्यक्ष सहित अभियान्ताहरुलाई प्रधानमन्त्री, पूर्वप्रधानमन्त्री, गठबन्धन दलका शिर्षस्थ नेता र मन्त्रीपरिषदका सदस्यहरुसँग भेट गराएका थिए ।

भेटमा आश्रमले देशलाई २०८२ सालभित्र सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माणका लागि नेपाल सरकारको तर्फबाट अपेक्षित सहयोग, समन्वय र सहजीकण प्रस्तुतिकरण समेत गरेको थियो । अन्य प्रयोजनको लागि हेटौंडा आएको बखत व्यस्तताकावीच आश्रमको अवलोकन भ्रमण गरिनुले सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण अभियानलाई सफल बनाउन इमान्दारीसाथ प्रयत्न गरिरहेको अनुभूति भएको मानवसेवा आश्रमका संस्थापक रामजी अधिकारीले बताए ।

मानवसेवा आश्रम २०८२ सालभित्र सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माणको लक्ष्य सहित २०६९ सालदेखि नै देशव्यापीरुपमा सडकपेटी र सार्वजनिक स्थलमा कष्टपूर्ण जीवन विताउन विवश अनाथ, अपाङ्ग, अशक्त, असहाय, शारीरिक तथा मानसिकरुपमा अति कमजोर मानवहरुको उद्दार, उपचार, पालनपोषण एवं पारिवारीक पुनर्मिलनको सेवामा समर्पित हुँदै आइरहेको सामाजिक संस्था हो । हाल देशभर १९ जिल्लामा २४ ओटा सेवाकेन्द्र सञ्चालनमा रहेको आश्रमले ७७ जिल्लाबाट सहयोगापेक्षी सडकआश्रित मानवहरुको उद्दार गर्दै आइरहेको छ ।

# वक्तृत्वकलामा पौडेल प्रथम




साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ हेटौंडा जेसीजले आयोजना गरेको राष्ट्रियस्तरको वतृत्वकला प्रतियोगितामा नवलपुर जिल्लाकी यमकला पौडेल प्रथम भएकी छन् । उनले नगद २५ हजारसहित प्रमाणपत्र प्राप्त गरेकी छन् ।

त्यस्तै प्रतियोगितामा पोखराकी सुस्मा आचार्य दोस्रो र नवलपुरकी पूजा पराजुली तेस्रो भएकी छन् । उनीहरुले क्रमश नगद १५ हजार र १० हजारसहित प्रमाणपत्र प्राप्त गरेका छन् । 'कहाँ छ खुसी' शीर्षकमा देशैभरबाट छनौट भएका १० जना विद्यार्थीबीच सोमबार फाइनल प्रतियोजिता भएको हो । कार्यक्रमका प्रमुख अतिथि एवम् नेपाल सरकारका उपप्रधान एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठ 'प्रकाश'ले विजयी तथा सहभागीलाई प्रमाणपत्र प्रदान गरेका थिए ।

गृहमन्त्री श्रेष्ठले युवाहरुको नेतृत्व र व्यक्तित्व विकासका लागि सरकाले विशेष योजना ल्याउने बताउँदै सामाजिक संस्थाले यस्ता किसिमका कार्यक्रम आयोजना गरेर समाजमा धैरै ठूलो योगदान पुऱ्याएको बताए । हेटौंडा जेसीजले सन् २०२० बाट वर्षेनी वतृत्वकला (पब्लिक स्पिकिङ) प्रतियोगिता आयोजना गर्दै आएको हेटौंडा जेसीज वर्ष २०२३ का अध्यक्ष श्रवणाकुमार बर्तौलाले जानकारी दिए ।

कार्यक्रममा प्रतियोगिताका निर्णायक घनश्याम घिमिरे, निमेष निखिल, निरा शर्मा र दीपकराज मिश्रलाई सम्मान गरिएको थियो । मकवानपुरका विशिष्ट व्यक्तिहरुसँगै कार्यक्रममा विभिन्न जेसीज शाखाका अध्यक्षहरुसमेत अतिथिको रुपमा सहभागी थिए । बिगतमा यस्तै प्रतियोगितामा क्रमश सन २०२० मा प्रिन्सि काफ्ले, २०२१ मा रिमा काफ्ले र सन २०२२ मा गरिमा घिमिरे प्रथम भएका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# नवउद्यमशाला र युवा पलायन

उद्योग संघ हेटौंडाको आयोजनामा आइतबारबाट 'एम स्टार्टअप बिजनेस इन्क्युबेशन सेन्टर' तथा पाँच दिने नवउद्यमशाला बुटक्याम्प सुरु भएको छ । क्याम्पको आइतबार बागमती प्रदेश उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकारले उद्घाटन गरे । युवाउद्यमीलाई स्टार्ट-अपका रुपमा आफ्ना व्यावसायिक विचारहरु परीक्षण गर्ने अवसर प्रदान गर्न कार्यको सुरुवात गरिएको उद्योग संघले जानकारी दिएको छ । केही पनि नगरी हात बाँधेर बस्नु भन्दा यो प्रयास सकारात्मक हो । तर, यतिबेला विद्यालय तहको अध्ययन पूरा हुनुबित्तिकै औषत भन्दा सम्पन्न परिबारका युवा अमेरिका, युरोप र अष्ट्रेलियामा उच्चशिक्षाको बहानामा ओइरिएका छन् । औषत भन्दा कमजोर युवा रोजगारीको खोजीमा खाडी छिरिरहेका छन् । देशमा भबिश्य देख्न नसकेपछि १२ पास गरेका विद्यार्थीलाई मुलुकमा टिकाउन सकिने अवस्था छैन । ठुटे राजनीतिले गाउँमा बस्न नसक्ने भएर खवसरको खोजीमा सहर पसेका युवा पनि सीमित समयमा सहर छोडेर बिदेशतिरै भासिएका छन् ।

राज्यको नीति नै युवा पलायन गराउने खालको भएपछि युवालाई रोक्न जतिसुकै क्याम्प संचालन गरेपनि त्यसको उपलब्धी खासै देखिनेवालाल छैन । उद्योग संघले क्याम्प सकारात्मक छ तर, सरकारको नीति नकारात्मक भएपनि उद्योग संघको प्रयासले सार्थकता पाउने सम्भावना कम छ । अहिले आफूसँग भएको २/४ पैसा लगानी गरेर कुनै ब्यवसाय गरौं भन्ने सोच पालेका युवालाई राज्यको नीतिले च्याम्पटी घुमाएको जस्तो घुमाएर काम गर्नै नसक्ने बनाइरहेको छ । सामान्य उद्योग दर्ता गर्न पनि दसथरी झण्झट थोपरिएको छ । त्यसमाथी सरकारी कर्मचारीले सीधै घुस नखाइ कुनै काम गर्दैनन् । यस्ता सेमिनारले युवालाई आकर्षण गर्ला त ? प्रारम्भिक चरणमा सेन्टरले युवा उद्यमीलाई कार्यस्थल, लजिस्टिक सपोर्ट, प्रदर्शनीमार्फत अवधारणा परीक्षण, मेन्टर र अनुभवीद्वारा मार्गदर्शन, सरकारी निकाय र शिक्षाविद्हरुसित अन्तरक्रिया, वित्तीय संस्थासँग जोडिने अवसरहरु र इच्छुक व्यक्तिहरुको लगानी उपलब्ध गराएर स्टार्टअप कार्यक्रम सञ्चालन गर्ने भनिएको छ । एआइएम स्टार्ट-अपले जिल्लामा शैक्षिक, सरकारी र निजी क्षेत्रबीच एक इकोसिस्टम निर्माण गरी दिगोरुपमा स्टार्टअप र नवप्रवर्तन कार्यक्रम लागू गर्न उपयुक्त संस्थागत संरचना स्थापना गरेर उद्यमशीलतालाई प्रोत्साहन गर्ने दावी गरिएको छ । यो दाबी कति कामयाबी होला त्यो हेर्न बाँकी छ ।

यस कार्यक्रमको पहिलो चरणअन्तर्गत युवा उद्यमीहरु (व्यवसाय दर्ता गरेको ५ वर्ष नकटेको) चयन गरी आयोजना गर्न लागिएको ५ दिने 'एम नवउद्यमशाला बुटक्याम्प'को सहभागिता रहेको छ । बुटक्याम्पमा चयन भएका उद्यमीले ४ दिनसम्म व्यवसायसँग सम्बन्धित विभिन्न बिषयमा छलफल गर्नुका साथै विज्ञहरुसँग गहन रुपमा मन्थन गरी आफ्नो व्यवसायलाई परिस्कृत बनाउने अवसर प्राप्त गर्नेछन् । पाँचौ दिनमा आयोजना गरिने हाट बजारमार्फत व्यवसायीहरुले आफ्नो व्यवसायको परीक्षण गर्नुका साथै सम्भावित ग्राहक, लगानीकर्ता तथा मेन्टरसँग जोडिने मौका पनि पाउने बताइएको छ । राज्यले रोजगारी सिर्जना नगर्दा अर्थतन्त्र ओरालो लाग्न थालेको छ । उद्योगीलाई कसरी टिकाउन सकिन्छ भन्ने बाटोमा सरकारको चासो र चिन्ता हुनुपर्ने थियो । तर, तयस्तो हुन सकेको छैन । बिगतमा राम्रै उत्पादन गरेका उद्योगले पनि अहिले ट्रेडिङ व्यवसाय गरिरहेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज १७ गते बुधबार ४ अक्टोबर २०२३ । पञ्चमी, आश्विन कृष्णपक्ष । ञलगा ११४३ ने.सं. । सूर्योदय ५:५८, सूर्यास्त ५:४५ । विश्व प्राणी दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : नयाँ कार्ययोजना बन्नेछ | तुला | : व्यापार राम्रो चल्नेछ |
| वृष | : आकस्मिक लाभ हुनेछ | वृश्चिक | : मीठो खाने अवसर मिल्नेछ |
| मिथुन | : राम्रो अवसर गुम्नेछ | धनु | : घर परिवारमा मेलमिलाप हुनेछ |
| कर्कट | : खर्च र दु:ख बढ्नेछ | मकर | : मनमा शङ्का बढ्नेछ |
| सिंह | : वस्त्र-भोजन प्राप्त हुनेछ | कुम्भ | : सञ्चित धन खर्च हुनेछ |
| कन्या | : योजना कार्यान्वयन हुनेछ | मीन | : आफन्तले कुरा काट्नेछन् |

# नेपालले बुझाउन र चीनले बुझ्न नसकेका केही यथार्थ



✍ डम्बर खतिवडा

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' उत्तरी छिमेकी मित्रराष्ट्र चीनको सातदिने भ्रमण पूरा गरी फर्किएका छन् । भ्रमणलाई 'भव्य र उपलब्धिपूर्ण' भन्नु भ्रमणकर्ताको औपचारिक बाध्यता हो । संसारका कुनै पनि राजनेता तथा प्रधानमन्त्रीले विदेश भ्रमणबाट फर्केपछि 'उपलब्धिहीन भ्रमण' भनेको आजसम्म कुनै उदाहरण छैन ।

प्रधानमन्त्री प्रचण्डको यो भ्रमणका उपलब्धि के रहे ? त्यसको लेखाजोखा भ्रमण अवधिमा भएका सहमति, सन्धि, सम्झौता र संयुक्त प्रेस वक्तव्यमा उल्लिखित बुँदाका अर्थ, मर्म र भावनाका आधारमा नै हुने हो । त्योभन्दा बढी अझ भविष्यमा ती के कति तदारुकताका साथ कार्यान्वयन हुने हुन् वा हैनन् र त्यसबाट के-कस्तो परिणाम आउने हो भन्ने कुरालाई समेत महत्व दिनुपर्ने हुन्छ । त्यसमा प्रवेश गर्नुअघि नेपाल-चीन सम्बन्धका पछिल्ला यथार्थ र बहुपक्षीय आयामबारे चर्चा गर्नु उपयुक्त होला ।

बदलिएको विश्व परिवेशमा पृष्ठभागका यथार्थको चर्चा विना भ्रमणका उपलब्धिहरूलाई आकलन गर्न सजिलो हुँदैन ।

चीन करिब ४ हजार वर्ष लामो प्रामाणिक इतिहास भएको एक प्राचीन राज्य अझ कतिपय कालखण्डमा एक विशाल तथा शक्तिशाली साम्राज्य हो । आधुनिक युगमा पनि चीन एक सामान्य राष्ट्रिय-राज्य मात्र हैन, विशाल भूभाग, व्यापक वैचारिक भावधारा, बलियो सैन्य क्षमता र अर्थतन्त्र भएको एक महाद्विपीय चरित्रको राज्य र महासभ्यता हो ।

आधुनिक चीनको प्रारम्भ भने सन् १९११ को गणतन्त्रात्मक क्रान्तिबाट हुन्छ । यो क्रान्तिले सन् १६४४ मा स्थापित २६७ वर्ष लामो मन्चु राजवंशलाई अन्त्य गर्दै चीन गणतन्त्रको स्थापना गरेको थियो । यो सीमारेखाबाट हेर्दा आधुनिक चीन ११२ वर्षको हुन्छ ।

यस अवधिमा चीनमा ४ वटा मुख्य नेता जन्मिए- डा. सन् यात सेन, माओत्सेतुङ, देङ सियाओ पिङ र वर्तमान राष्ट्रपति सी जीनपिङ । यी चार नेताहरूको सोच र वैचारिकीको आ-आफ्नै युग र आधार थिए । सन् यात सेनको विचारधाराको आधार चीनको आधुनिकीकरण, एकीकरण, लोकतन्त्र र राष्ट्रियता थियो ।

तर, सन् १९२५ मा सन् यात सेन अल्पायुमै बिते । उनका उत्तराधिकार मानिएका च्याङ काई सेकले उनको वैचारिकी विरासतलाई थाम्न सकेनन् । उनी कम्युनिष्ट पार्टीसँगको लामो गृहयुद्धमा पराजित भए । सन् १९४९ मा चीन माओत्सेतुङको नेतृत्वमा 'कम्युनिष्ट चीन' मा रूपान्तरण भयो ।

माओत्सेतुङको सोच र वैचारिकीको मुख्य आधार मार्क्सवादी-लेनिनवादी साम्यवाद थियो । उनी राज्यसत्ताको जन्म बन्दुकको नालबाट हुन्छ भन्ने विश्वास गर्थे । नौलो जनवाद, संयुक्त जनवादी अधिनायकत्व, समाजवाद निर्माण र सांस्कृतिक क्रान्ति उनका मुख्य वैचारिकी र राजनीतिक प्रयत्न थिए । माओ नयाँ जनवादी क्रान्ति गर्दै कम्युनिष्ट पार्टीको एकदलीय शासन सत्ता स्थापना गर्न त सफल भए तर उनको दुर्भाग्य हो कि उनी महान् छलाङ र सांस्कृतिक क्रान्ति दुवै महापरियोजना असफल भए ।

सत्तामा आएपछि माओ छिटोभन्दा छिटो चिनियाँ समाज र अर्थतन्त्रको समाजवादीकरण गर्न र साम्यवादी विचारधाराको वैश्विक औचित्य पुष्टि गर्न चाहन्थे । उनले जमिनमा निजी स्वामित्व अन्त्य गर्दै कृषि सहकारी र कम्युन प्रणाली प्रारम्भ गरे । सन् १९५६ मा सुरु गरिएको यो नीतिलाई सन् १९५८ को दस्तावेजमा 'महान् अग्रगामी छलाङ' (द ग्रेट लिप फरवार्ड) भनिएको थियो । कम्युन र सामूहिक कृषि प्रणालीपछि चिनियाँ अर्थतन्त्रमा अनपेक्षित संकुचन भयो । सन् १९५९ देखि १९६१ सम्म चिनियाँ इतिहासकै सर्वाधिक ठूलो अनिकाल लाग्यो । करिब ५५ लाख मानिस भोकमरीले मरे ।

त्यस असफलताबाट आत्तिएका माओले सन् १९६५ मा महान् सांस्कृतिक क्रान्तिको घोषणा गरे जुन एक दशकपछि सन् १९७५ मा असफलतामा पुगेर समाप्त भयो । माओको यही असफलताको जगमा देङ सियाओ पिङको अस्वाभाविक तथा आश्चर्यजनक उदय भयो । कतिपय इतिहासकारले सन् १९७५-७८ का घटनाक्रमलाई एक प्रकारको 'नरम क्रान्ति' नै मान्दछन् ।

देङको सोच र वैचारिकीको आधार भने एकदलीय साम्यवादी शासनप्रणाली भित्रै बजारवादमा आधारित आर्थिक तथा पूर्वाधार विकास र भूमण्डलीकरण थियो । त्यसो त उनले राजनीतिक सुधारमा पनि ध्यान दिएका थिए । राष्ट्रपति पदको दुई कार्यकालको प्रबन्ध गरेर शान्तिपूर्ण सत्ता हस्तान्तरणको विधि स्थापित गरेका थिए । चीनको आजको आर्थिक तर क्कीको मुख्य आधार देङकालीन नीति र प्रयत्न हुन् भन्ने संसारले स्वीकार गरेको छ ।

वर्तमान राष्ट्रपति सी जीनपिङले आफ्नै नाममा 'सी विचारधारा' बनाएका छन् । उनले अघिल्ला तीन नेताले भन्दा फरक बाटो रोजेका छन् । राष्ट्रपति सीको विचारधारा न डा. सन् यात सेनको जस्तो लोकतन्त्र हो, न माओको जस्तो साम्यवाद हो, न तेङको जस्तो बजारवाद र शान्तिपूर्ण सत्ता हस्तान्तरण नै हो । राष्ट्रपति सी सन् २०१३ मा पदमा आएका थिए । उनले दुई कार्यकालको तेङकालीन प्रावधानलाई संविधान संशोधन गरेर हटाइदिए । अन्यथा अहिले उनी सत्तामा हुने थिएनन् ।

सीको विचारधारा भनेको मूलत: 'राज्यवाद' हो । चीन राज्यलाई संसारको महाशक्ति बनाउने र समकालीन पश्चिमा तथा अमेरिकाकेन्द्रित विश्व व्यवस्थाको साटो चीन-केन्द्रित नयाँ विश्व व्यवस्था प्रारम्भ गर्ने उद्देश्यका लागि चीन राज्यको आर्थिक, सामरिक तथा कूटनीतिक सामर्थ्य वृद्धि गर्ने उनको शासनकालको मुख्य लक्ष्य हो । र उनले यो अभीष्ट लुकाएका छैनन् । राष्ट्रपति सी तेस्रो पटक पनि सत्तामा र हनुको औचित्य त्यतिखेर मात्र पुष्टि हुन सक्नेछ जब उनी चीनलाई विश्वको पहिलो अर्थतन्त्र र पहिलो महाशक्ति राष्ट्र बनाउन सफल हुनेछन् ।

तसर्थ, चीनको विदेश नीतिलाई सोलोडोलो बुझेर हुँदैन । सन् १९४९ अघिको चीन र नेपाल बीच औपचारिक दौत्य सम्बन्ध नै स्थापित भएको थिएन । चीन नेपालसँग औपचारिक कूटनीतिक सम्बन्ध स्थापित भएको बेलायत, अमेरिका र भारतपछिको चौथो मित्र राष्ट्र हो । नेपाल-चीन बीच सन् १९५५ मा मात्र औपचारिक सम्बन्ध स्थापित भएको थियो ।

खासमा तिब्बत चीनमा गाभिनुअघि चीन नेपालको छिमेकी थिएन, सन् १९५० मा माओले तिब्बतलाई चीनमा गाभेपछि मात्र चीन नेपालको छिमेकी बन्न पुगेको हो ।

माओकालीन चीनको नेपाल नीति एक भद्र र शालीन छिमेकीको थियो । त्यो बेलाका मुख्य नेता माओत्सेतुङ र चाउ एनलाईले हिमालयको प्राकृतिक सीमाका जटिलता, आफैं स्थिर हुन नसकेको चीनका संवेदनशीलता, तिब्बती पृथकतावादी आन्दोलनका प्रभाव र भौतिक पूर्वाधार अभावले हुने सहकार्यका समस्या बुझेका थिए ।

तसर्थ उनीहरूले नेपालसँगका सीमा समस्या सहज सुल्झाउन मद्दत गरे । सगरमाथा नेपालतिर पर्‍यो । कोदारी राजमार्ग बनाउन राजी भए । साथै उनीहरूले नेपालका नेताहरूलाई बारम्बार यो सम्झाउने गरे कि भारततिरको सम्बन्धलाई नै जोड देऊ, चीन नेपालका लागि धेरै चिज गर्न सक्ने अवस्थामा छैन ।

माओकालीन चीनले नेपालको सामन्ती राजतन्त्रसँग समेत राम्रो सम्बन्ध बनायो । बरु सोभियत संघले नेपालका कम्युनिष्टहरूलाई अनेक प्रकारले सहयोग गर्न खोज्थ्यो तर चीनले कहिल्यै त्यसो गरेन । हिमालयपारि साम्यवाद निर्यात हुन सक्दैन भन्ने कुरा माओले राम्रो बुझेका थिए । यही विश्वासमा राजा महेन्द्रले 'साम्यवाद मोटर चढेर आउँदैन' भनेका थिए । राजतन्त्रले पनि खम्पा विद्रोह दमनमा चीनलाई सहयोग गरेर ठूलो गुन लगायो ।

देङकालीन चीनको नेपाल नीति भने उनको बजारवाद अनुरूप निर्यात व्यापारमा केन्द्रित छ । चीनले नेपाललाई एक सानो र नजिकको बजारका रूपमा हेरेको पाइन्छ । यही अवधिमा तातोपानी र केरुङ नाका प्रभावकारी रूपमा प्रयोगमा आए । नेपाल र चीनबीच कुनै प्रकारको राजनीतिक तथा कूटनीतिक समस्या देखिएन । चीनले केही स-साना विकास परि योजनामा सहयोग गर्‍यो । नेपालको आन्तरिक राजनीतिमा चासो दिएन । नेपालमा हुने राजनीतिक परिवर्तनहरूलाई सहज स्वीकार गर्‍यो । नेपाल निर्यातका लागि चीनमा भिन्नै प्रकारका सस्ता वस्तुहरू उत्पादन हुन थाले । यही अवधिमा चीनले नेपालमा निश्चित बजार हिस्सा बनायो । भारतसँग मात्र हैन, चीनसँग पनि नेपालको व्यापार घाटा बढ्दै गयो ।

आज हाम्रो मुख्य समस्या कहाँ छ भने हामी अझै नेपाल-चीन सम्बन्धलाई माओ तथा देङकालीन अभ्यासको आँखाबाट हेरिरहेका छौं, जबकि सी जीनपिङको उदयपछि चीनको सोच, वैचारिकी, कूटनीतिक दृष्टिकोण र प्रयत्न नै फरक प्रकारको भइसकेको छ । प्रचण्डको चीन भ्रमणक्रममा गत मंगलबार जारी १३ बुँदे संयुक्त वक्तव्यले पनि पृष्ठभूमिमा आएको यो भिन्नतालाई प्रष्ट संकेत गर्दछ ।

वक्तव्यको १२औं बुँदामा विश्व व्यवस्था परिवर्तनको चिनियाँ आशय प्रष्ट छ । साथै, चीनले नेपाललाई त्यसको सहयोगी र सहकर्मी देश बनाउन चाहेको देखिन्छ । त्यसमा भनिएको छ कि- 'नेपालले चीनले प्रस्तावित गरेको ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जीडीआई) लाई समर्थन गर्दछ र त्यसलाई समर्थन गर्ने मित्र देशहरूको समूहमा संलग्न हुनेबारे विचार गर्नेछ ।'

'रोड एण्ड बेल्ट इनिसिएटिभ' (बीआरआई) सी जीनपिङकालीन चीनको भौतिक तथा पूर्वाधार विकासको एक विश्व परियोजना थियो । सन् २०१७ मै नेपालले त्यसमा हस्ताक्षर गरिसकेको छ । तर, यसका लक्षित परि योजनाहरू अझै कार्यान्वयनको चरणमा पुगेका छैनन् । बीआरआई कार्यान्वयनको विश्वासिलो आधार तयार नहुँदै 'जीडीआई' मा नेपालको समर्थन र प्रवेशले चीनको हतारोलाई प्रष्ट गर्दछ । चीनले एमसीसी अस्वीकार गर्न नेपालमाथि दबाब बनाएर त्यही हतारोलाई यसअघि नै संकेत गरि सकेको थियो ।

चिनियाँ रणनीतिका जानकार भन्छन् कि अझ यी दुवैलाई 'कम्पाइल' गरेर चीनले केही वर्षभित्रै ग्लोबल सिभिलाइजेशन इनिसिएटिभ (जीसीआई) अघि सार्न सक्दछ । चीनको महाशक्ति बन्ने सपना र समकालीन विश्व व्यवस्थामा परिवर्तन ल्याउने हतारोबीच नेपालका प्राथमिकता भने फरक छन् । सबैभन्दा ठूलो समस्या वा नाजुक विन्दु भने यहाँनेर छ । प्रचण्डको भ्रमणले फुकाउनुपर्ने मुख्य गाँठो यहाँनेर थियो ।

नेपालका आफ्नै सीमा छन्, जसलाई चीनले राम्ररी बुझ्न चाहेको देखिएन । नेपाल चीनसँगको सहकार्यबाट पन्छिने कुरा आउँदैन तर उसको महत्वाकांक्षाको गोटी बनेर बाँकी विश्वबाट एक्लिन पनि सक्दैन । यो नेपाल जस्तो मध्यम आकारको जनसंख्या, संवेदनशील भूराजनीतिक अवस्थिति र कमजोर अर्थतन्त्र भएको देशको स्वाभाविक बाध्यता हो ।

नेपाल बहुदलीय लोकतन्त्रमा विश्वास गर्ने मुलुक हो । चीन जतिसुकै प्रभावशाली भए पनि नेपाल-चीन सम्बन्ध राज्य-राज्य बीचको आर्थिक, विकास सहयोग र कूटनीतिक स्तरमै सीमित हुनुपर्ने हुन्छ । वैचारिक र राजनीतिक तहमा यो सम्बन्ध विकास हुने सम्भावना छैन । चीन महाशक्ति बन्छ-बन्दैन, बन्यो भने त्यसको विश्व तथा नेपाल प्रभाव कस्तो हुन्छ ? त्यसको विश्लेषण भविष्यमा हुँदै जाला तर, कम्तीमा नेपाल चीनको विश्व व्यवस्था परिवर्तन गर्ने आकांक्षाको गोटी हुन सक्दैन भन्ने चीनले बुझ्न आवश्यक हुन्छ । यदि नेपालले त्यो बाटो लिने हो भने नेपालका चुनौती एकाएक यति धेरै बढ्ने छन् कि चीनको सदासयता र सहयोगका बाबजुद त्यसका सहउत्पादनहरूको व्यवस्थापन सम्भव हुने छैन ।

नेपाल चाहन्छ कि चीन विश्वको दोस्रो ठूलो अर्थतन्त्र हुँदा त्यसको लाभ नेपाललाई पनि होस् जो अहिलेसम्म हुनसकेको छैन । चीनले नेपाललाई सस्तो वस्तु निर्यात गर्ने एक सानो बजार अंशभन्दा धेरै महत्व दिएको पाइन्न ।

बीआरआई लगानीको प्रारूपबारे मौन रहनु प्रचण्ड भ्रमणको सबैभन्दा ठूलो असफलता हो । पोखरा विमानस्थललाई दिएको महँगो ऋणलाई नै बीआरआई भन्दिएजस्तो बीआरआई परियोजनाहरू महँगो ऋणभारका संवाहक मात्र हुन् भने नेपालको वित्तीय असन्तुलन तथा आर्थिक संकट झनै बढ्ने छ ।

नेपालमा जति नै ठूलो भौतिक पूर्वाधार बनाए पनि भूराजनीतिक सन्तुलन र विश्वासको वातावरण भएन भने ती प्रयोगमा आउँदैनन् भन्ने कुरा पोखरा तथा भैरहवा विमानस्थलले पुष्टि गरिसकेका छन् । केरुङ-काठमाडौं रेल मार्ग बन्यो नै भने पनि प्रतिफल सुनिश्चित नहुन्जेलसम्म त्यसको ऋणभार नेपालको अर्थतन्त्रको आकार र वित्तीय परिचालन क्षमताले धान्न सक्दैन । चीन यो रेलमार्गको लागि निकै ठूलो रकम अनुदान दिन राजी हुनुपर्दछ ।

हेरौं- प्रधानमन्त्री प्रचण्डले दाबी गरेजस्तो यो भ्रमणपछि पोखरा विमानस्थल र चीनका विभिन्न शहरबीच के कति नियमित व्यावसायिक उडान हुने हुन् । त्यो संभावना किन पनि न्यून छ भने कुनै पनि विमान कम्पनीले लामो समय घाटा सहेर नियमित उडान भर्न सक्दैन । त्यसका लागि यात्रुको दोहोरो प्रवाह हुनुपर्दछ ।

चीनसँग नेपालका मुख्य प्राथमिकता तथा अपेक्षा आज निर्यात व्यापार सहजता, सुर क्षित तथा लाभदायक अन्तर्राष्ट्रिय श्रम गन्तव्य र प्रत्यक्ष वैदेशिक लगानी हुन् । प्रधानमन्त्री प्रचण्डको भ्रमणक्रममा भएका सम्झौता र संयुक्त वक्तव्यका बुँदाहरू यसतर्फ लक्षित छैनन् । यस अर्थमा प्रधानमन्त्री प्रचण्डको भर्खरै सम्पन्न चीन भ्रमणलाई सफल भन्न सकिने आधार एकदमै कमजोर छन् ।

*(साभार: अनलाइनखबर)*

# अधिकारको लडाइँ, आरक्षण र सामाजिक विभेद

✍ भागरथी भट्ट

नेपालको संविधान २०७२ ले हरेक निकायमा महिला सहभागिता ३३ प्रतिशत हुनुपर्ने व्यवस्था गरेको छ । तर अहिलेको परिवेशमा यो अपर्याप्त छ । किनभने महिला भन्ने वित्तिकै दोस्रो दर्जाका रूपमा हेर्ने पात्र, प्रवृत्ति र संस्कृति अझै पनि व्याप्त छ । संविधानमै महिलाको अनिवर्या सहभागिता ३३ हुनु राम्रो हो । बाँकी चाहिँ ६७ प्रतिशतमा पनि महिलाले प्रतिस्पर्धा गर्न पाए पनि महिलाको लागि त्यो अवसरमा पर्नु निकै कठिन चुनौती हो । किनभने नेपाली समाजमा महिलाले अवसरमा प्रतिस्पर्धा गर्नेभन्दा ठूलो जिम्मेवारी घरपरिवार सम्हाल्नुपर्ने अवस्था अझै छ । त्यसैले संविधानबाटै महिलालाई कमजोर देखाइनु आश्चर्यजनक विषय हो ।

विकसित समाजमा समान सहभागिता खोजिन्छ । महिला र पुरुषको क्लस्टर छुट्याइनु विकसित समाजको अभ्यास होइन । महिला र पुरुष बराबर हुन् भन्ने भाष्य हरेक समुदाय र राष्ट्रले निर्माण गर्न सक्नु पर्छ । तब मात्रै महिला पुरुष बराबर हौं भन्ने व्यवहारको विकास हुन्छ ।

महिला अधिकार संरक्षण र संवर्धन गर्न विभिन्न सै, सङ्गठनहरू स्थापना भएका छन् । महिला अधिकारकर्मीहरूले महिलाको विकास र सहभागितासम्बन्धी कामलाई अझ व्यवस्थित र प्रभवकारी ढङ्गले गर्न चाहन्छन् । तर त्यस्ता संस्थामा पनि महिलाले महिलालाई विभेद गरेका, महिलाले नै महिलाको विकास र विस्तारका लागि अवरोध बनेका विषय छायामा पर्छन् । यस्तो विषय उठान गर्न पनि महिला अधिकारकर्मीहरू पछि पर्नु हुँदैन । पुरुषसँग अधिकार खोस्नका लागि महिलाबाटै महिलाहरू पछि नपरून् । महिलाबाटै महिला पीडित नबनून् । दशकौंदेखि महिलाले भोगेका दु:ख, कष्ट र उत्पीडनका भोगाइ सुनाइ नसक्नु छन् ।

समाजमा पितृसतात्मक सोचले जरो गाढेर बसेको छ । ती जरा उखेलेर फाल्न अझै केही समय लाग्ने देखिन्छ । यसका लागि महिलाहरूले सशक्त र प्रभावकारी रूपमा पहल कदमी चाल्न अपरिहार्य छ । आफरना धारणा, विचार र अमूर्त कुरा बुझ्ने क्षमताको कमीका कारण सरुवाती दिनमा आफू पीडित भएको थाहा हुँदैन । पीडित भएको थाहा भए पनि बोल्ने साहस र हिम्मत हुँदैन । तर समाजमा घट्ने एकपछि अर्को घटना, महिलाहरूले भोग्नुपरेका ती दर्दनाक पीडालाई नजिकबाट नियाल्दा, दिनप्रतिदिन विस्तार भइरहेको सामाजिक सञ्जालको प्रयोग र सञ्चार माध्यमको साहयताले पनि व्यक्ति आफू पीडित बनेको महसुस गर्न सक्छ, बुझ्न सक्छ ।

सामान्यत: पितृसत्ता भन्नाले पिता या 'कुलपति' को सत्ता भन्ने बुझिन्छ । विभिन्न क्षेत्र, सङ्गठन हेर्दा पुरुष प्रमुख वा सर्वेसर्वा हुन्छ । पितृसत्तामा पुरुषले स्थान पाउँछ । आजभोलि यस शब्दलाई धेरैले पुरुषप्रधानका रूपमा व्याख्या पनि गर्छन् । सृष्टिमा समान रूपमा विकसित भएका नारी र पुरुषको आफरनै महत्व र भूमिका हुन्छ । ती दुईवटैका आफरनै विशेषता हुन्छन् । तर उनीहरूको लिङ्ग विभेदको मानक बन्छ । एउटा बच्चाले यो संसार देख्न नपाउँदै आमाको गर्भबाटै उसले विभेद भोग्नुपर्ने विडम्बना हाम्रो समाजमा छ । छोरा भए पाल्ने र छोरी भए फाल्ने गलत प्रवृत्ति एउटा संस्कृतिका रूपमा स्थापित भएको छ । बच्चा जन्मिसकेपछि पनि छोरालाई बोर्डिङ र छोरीलाई सरकारी विद्यालय पढाएर आमाबुवाले थप कलिलै उमेरमा कहिल्यै नमेटिने अमिलो विभेद स्थापित गरिदिन्छन् । यस्ता कार्यले त्यो बच्चाको कलिलो मानसपटलमा कस्तो प्रभाव पार्ला ?

हरेक समाजमा पितृसत्ताको स्वरूप फरक छ । तर विभेद समान छ । यो विभेदको विषयमा विभिन्न कालखण्डमा विभिन्न आन्दोलन नभएका होइनन् । तर ती आन्दोलन आन्दोलनमै सीमित बने । आमाको पेटबाट सुरु भएको विभेद, एउटा घर, समाज हुँदै राष्ट्रिय समस्याका रूपमा विस्तार हुन्छ । नेपालको इतिहासमा आममहिलाका तर्फबाट उठेका आन्दोलनको सन्दर्भमा हेर्दा योगमाया न्यौपानेको समूहले तत्कालीन समयमा गरेको सांस्कृतिक सामाजिक विद्रोहलाई आन्दोलनको थालनीका रूपमा लिन सकिन्छ । यसमा तर्क र विवाद गर्न सकिने धेरै ठाउँ भए पनि आम महिलाको मुद्दामा शासकहरूलाई चुनौती दिएको देखिन्छ । द्वारिकादेवी ठकुरानी र मङ्गलादेवी सिंहले नेपाली महिलाको हक अधिकारका लागि गर्नुभएको सैर्ष पनि इतिहासका पानामा लेख्न लायक छ ।


विभिन्न कालखण्डमा महिला अधिकार र सहभागिताबारे विभिन्न विद्रोह भएका छन् । यस्ता विविध आन्दोलन र विद्रोह भए पनि विभेदको अन्त्य भने हुन सकेको छैन । नारीलाई दोस्रो दर्जाका रूपमा हेरिने परिपाटी र पितृसत्ताले निर्माण गरेका नीति, नियम र व्यवहारमा हुने लैङ्गिक विभेदले धेरै समस्या निम्त्याएको छ । कुनै न कुनै हिंसाबाट महिला पीडित भएका छुन । तर ती विषय भने बाहिर आउन सकेका छैनन् । कुनै ठाउँमा पीडित महिलालाई धम्क्याएर प्रमाण नष्ट गरेका तथा लुकाएका उदाहरण प्रशस्त छन् ।

नेपालमा पनि महिलाहरू उच्च पदमा पुगेका छन् । नेतृत्व तथा निर्णायक भूमिकामा कतिपय महिला पुगेका छन् । तर उनीहरुले महिलाको हक अधिकार प्रदान गर्ने, व्यवहारमा उतार्ने विषयमा भने कमजोर देखिएका दृष्टान्त छन् ।

*बाँकी पृष्ठ-३....*

# एमसीसीमा सबैभन्दा कम लागत प्रस्ताव गर्ने ठेकेदारसँग वार्ता गरिँदै

काठमाडौं/मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी)को प्रसारणलाइन परियोजनाको टेन्डरमा सबैभन्दा कम प्रस्ताव नै लागत अनुमान भन्दा ६६ प्रतिशत उच्च भएपछि ठेकेदारसँग वार्ता गर्ने भएको छ ।




एमसीसीअन्तर्गत प्रसारण लाइन परियोजनामा तीनवटा प्याकेजमा टेन्डर आह्वान गरिएकोमा सबै बोलपत्रदाताले एमसीएले गरेको लागत अनुमानभन्दा उच्च लागत प्रस्ताव गरेका थिए । तीमध्ये हरेक प्याकेजमा सबैभन्दा कम प्रस्ताव गर्ने ठेकेदारसँग वार्ता गरेर लागत अनुमानमै काम गराउन प्रयास गरिने एमसीए- नेपाल स्रोतले अनलाइनखबरलाई बतायो ।

तीनवटा प्याकेजमध्ये पहिलो प्याकेजमा भारतको ट्रान्सरेल लाइटिङ प्रालि तथा दोस्रो र तेस्रो प्याकेजमा भारतकै टाटा प्रोजेक्ट्स लिमिटेडले सबैभन्दा कम टेन्डर प्रस्ताव गरेका थिए ।

'एमसीए नेपालले यी दुई कम्पनीसँग सुरुमा वार्तामार्फत आफूले गरेको लागत अनुमानअनुरुप नै काम गराउने प्रयास गर्नेछ,' एमसीए स्रोतले अनलाइनखबरसँग भन्यो ।

### अत्यधिक लागत प्रस्ताव भए के छ विकल्प ?

बोलपत्र खुलाउनुअघि नै गरेको लागत मूल्यांकनभन्दा अत्यधिक धेरै रकमको बोलपत्र पर्‍यो भने ठेक्का प्रक्रिया पूर्ण रुपमा रद्द गर्न सक्ने वा वार्तामार्फत लागत अनुमानमा नै काम गराउनसक्ने व्यवस्था एमसीए नेपालको खरिद निर्देशिकामा छ ।

बोलपत्रदाताहरुमध्ये सबैभन्दा कम प्रस्ताव गर्नेको लागत नै एमसीएको लागत मूल्यांकनभन्दा अत्यन्तै धेरै भएको खण्डमा एमसीएले त्यसो हुनुको कारणबारे अध्ययन गर्ने व्यवस्था गरिएको छ । त्यसपछि एमसीसीको पूर्वस्वीकृतिमा एमसीए नेपालले सबैभन्दा कम लागत प्रस्ताव गर्ने ठेकेदारसँग वार्ता गर्नसक्ने व्यवस्था गरिएको छ ।

ठेक्काको दायरा घटाउने वा जोखिम लिने जिम्मेवारी पुनर्वितरणका माध्यमबाट मूल्य घटाउनेतर्फ यस्तो वार्ता केन्द्रित हुने पनि निर्देशिकामा उल्लेख छ । विभिन्न अवस्थामा ठेक्का प्रक्रिया पूर्ण रुपमा रद्द गर्नसक्ने अधिकार पनि एमसीए नेपाललाई छ । खरिद निर्देशिकामा भनिएको छ, 'खरिद प्रक्रियामा प्रभावकारी प्रतिस्पर्धा नभएमा, बोलपत्रहरु पर्याप्त रुपमा प्रतिक्रियात्मक नभएमा, बोलपत्रको मूल्य अनुचित भएमा वा एमसीएको बजेट अनुमानभन्दा उल्लेख्य रुपमा उच्च भएमा एमसीए नेपालले सम्पूर्ण ठेक्का रद्द गर्नसक्छ ।'

तर, एमसीएले ठेक्का रद्द गर्नुअघि पनि एमसीसीको पूर्वअनुमति चाहिने व्यवस्था निर्देशिकामा छ । ठेक्का रद्द भएको अवस्थामा एमसीएले अस्वीकार गर्नुपर्ने कारणबारे समीक्षा गर्नुपर्ने, ठेक्काको प्रावधानहरु, डिजाइन तथा स्पेसिफिकेसन तथा क्षेत्रमा संशोधन गरेर मात्रै नयाँ टेन्डर खोल्नुपर्ने प्रावधान पनि छ ।

निर्देशिकामा भएको व्यवस्थाअनुरुप एमसीए-नेपालको स्वतन्त्र मूल्यांकन समितिले टेन्डर प्रस्तावहरुको अध्ययन गरेर प्रतिवेदन तयार पारिसकेका छ । 'एमसीएको अध्ययनले सबैभन्दा कम मूल्य उल्लेख गर्ने बोलपत्रदातासँग वार्ता गरी मूल्य घटाउन सुझाव दिएको छ,' स्रोतले भन्यो ।

त्यसका लागि दुईवटा विकल्प प्रस्ताव गरिएको स्रोतको भनाइ छ । 'पहिलो- कामका अहिलेकै क्षेत्र (स्कोप) र स्पेसिफिकेसनमा बनाउने हो भने बजेट थप गर्नुपर्ने हुनसक्छ । दोस्रो- एमसीएले गरेको लागत अनुमानका आधारमा बनाउने हो भने स्कोप घटाउने तथा स्पेसिफिकेसन परिमार्जन गर्नुपर्छ भन्ने सिफारिस गरिएको छ,' स्रोतले भने ।

यो प्रतिवेदनमा दिइएका सिफारिसका आधारमा एमसीसीको पूर्वस्वीकृति लिई वार्ताको प्रक्रिया सुरु गरिने एमसीए- नेपाल स्रोतले जानकारी दियो । 'सबैभन्दा कम लागत अनुमान गर्ने कम्पनीहरुसँग वार्तामार्फत सहमति हुन सक्यो भने त्यो सबैभन्दा राम्रो भयो, त्यसो भएन भने दोस्रो कम मूल्यांकन गर्नेसँग वार्ता गर्नुपर्छ,' उनले भने ।

वार्तामार्फत बोलपत्रदातासँग सहमति नभएको अवस्थामा भने यो सम्पूर्ण प्रक्रिया रद्द गरी नयाँ टेन्डर खुलाउनुपर्ने हुन्छ । त्यसका लागि पनि एमसीसीको पूर्वस्वीकृति आवश्यक पर्छ । 'अहिल्यै ठेक्का सम्पूर्ण रुपमा रद्द गर्ने कि नेगोसियसन गर्ने विषयमा अहिल्यै निर्णय भइसकेको छैन, सम्भवतः सुरुमा नेगोसियसन गर्ने र त्यसमा सहमति हुन नसकेको खण्डमा त्यसपछि मात्रै रद्द गर्ने पनि हुनसक्छ ।'

एमसीए नेपालले ३ सय १५ किलोमिटर लामो प्रसारणलाइन परियोजनालाई तीन भागमा बाँडेर निर्माणका लागि बोलपत्र आह्वान गरेको थियो । गत ८ जेठमा खोलिएको बोलपत्रअनुसार ६ वटा कम्पनीले प्रसारणलाइन बनाउन प्रस्ताव पेश गरेका थिए । त्यसमध्ये पाँचवटा कम्पनीमात्रै प्राविधिक रुपमा सफल भएका थिए ।

भारतका कल्पतरू पावर ट्रान्समिसन लिमिटेड, ट्रान्सरेल लाइटिङ लिमिटेड, टाटा प्रोजेक्ट्स लिमिटेड, केईसी इन्टरनेसनल लिमिटेड, लार्सेन एन्ड टर्बो लिमिटेड प्राविधिक रुपमा सफल भएकोमा तिनै कम्पनीले तीनवटै प्याकेजमा आवेदन हालेका थिए ।

३ सय १५ किलोमिटर लामो प्रसारणलाइनको पहिलो लटमा लप्सीफेदी-रातमाटे-न्यू हेटौंडा खण्ड पर्छ । एमसीए- नेपालले यो लटको प्रसारणलाइन बनाउन ७ करोड ६४ लाख ६४ हजार अमेरिकी डलर लागत अनुमान गरेको थियो । सो लटमा प्रतिस्पर्धा गरेका कम्पनीमध्ये सबैभन्दा कममा ठेक्का हाल्ने कम्पनी ट्रान्सरेल लाइटिङ लिमिटेड नै १३ करोड १५ लाख अमेरिकी डलर प्रस्ताव गरेको छ । त्यो नै लागत अनुमानभन्दा ५ करोड ५० लाख ६७ हजार अमेरिकी डलर अर्थात् ७२ प्रतिशतले बढी हो ।

यस्तै, दोस्रो लटमा रातमाटे-न्यू दमौली खण्डका लागि एमसीए नेपालले ६ करोड ४८ लाख ५३ हजार अमेरिकी डलर लागत अनुमान गरेको थियो । त्यसमा सबैभन्दा कम प्रस्ताव टाटा प्रोजेक्ट्स लिमिटेडले गरेको छ, जसले सो खण्ड १० करोड ५४ लाख २५ हजारमा बनाउनसक्ने बताएको छ । सबैभन्दा कम प्रस्ताव नै एमसीएको अनुमानभन्दा ४ करोड ५ लाख ७१ हजार बढी छ । यो लागत अनुमानको ६२ दशमलव ५ प्रतिशतले धेरै हो ।

त्यस्तै, तेस्रो लटअन्तर्गत न्यू दमौली-न्यू बुटवल-भारतको सीमासम्म तोकिएको छ । एमसीए नेपालले यो खण्डको प्रसारणलाइन निर्माण गर्न ७ करोड ९२ लाख ८२ हजार लागत अनुमान गरेको छ । तर, यसमा सबैभन्दा कम रकममा बनाउने प्रस्ताव गर्ने टाटा प्रोजेक्ट्स लिमिटेडले १२ करोड ९० लाख २१ हजार डलर बोलपत्र प्रस्ताव गरेको छ । त्यो रकम लागत अनुमानको तुलनामा ६२ दशमलव ७३ प्रतिशत अर्थात् ४ करोड ९७ लाख अमेरिकी डलर धेरै हो ।

यसरी समग्रमा एमसीसीको सहयोगमा निर्माण हुने प्रसारणलाइन बनाउन २२ करोड ६ लाख अमेरिकी डलर लागत अनुमान एमसीए-नेपालले गरेको थियो । तर, सबैभन्दा कममा मूल्य प्रस्ताव गर्ने कम्पनीहरुले गरेको प्रस्ताव नै ३६ अर्ब ५९ करोड अमेरिकी डलर छ, जुन लागत अनुमानको तुलनामा ६६ प्रतिशतले बढी भएको एमसीए-नेपालले जनाएको छ ।

अर्थमन्त्री डा. प्रकाशशरण महतले केही समय अघि यो ठेक्कामा बोलपत्रदाताहरुबीच मिलेमतो भएको हुनसक्ने अभिव्यक्ति दिएका थिए । बोलपत्रपूर्वको लागत अनुमानको तुलनामा अत्यधिक ठेक्का प्रस्ताव आएपछि कम्पनीहरुबीच मिलेमतो भएको छ कि भन्ने आशंका अन्य सरकारी अधिकारीहरुले गरेका थिए ।

एमसीएले स्वतन्त्र रुपमा गराएको अध्ययनले मिलेमतो भएको प्रमाण भेटेको खण्डमा तत्कालै ठेक्का प्रक्रिया सम्पूर्ण रुपमा रद्द गरी ठेकेदारलाई कालोसूचीमा राख्नसक्ने पनि एक अधिकारीले बताए । तर, अमेरिकी सरकारको अनुदानमा सञ्चालित यो स्तरको ठेक्कामा मिलेमतो हुने सम्भावना अत्यन्तै कम हुने उनले बताए ।

### मूल्यवृद्धि र कडा मापदण्डका कारण उच्च लागत प्रस्ताव भएको कम्पनीहरूको दाबी

नेपालले एमसीसीको अनुदान लिने निर्णय गरेपछि नेपाल विद्युत् प्राधिकरणले सन् २०१४ मा परियोजना प्रस्ताव गरेको थियो । त्यसबेला प्राधिकरणले गरेको लागत अनुमानका आधारमा ५० करोड अमेरिकी डलर अनुदान लिने सम्झौता भएको थियो । एमसीसी राजनीतिक विवादमा गएपछि गत वर्ष मात्रै संसद्‌बाट अनुमोदन भयो । त्यसपछि पुरानो लागत अनुमानलाई एमसीए नेपालले परामर्शदाताहरु मार्फत परिमार्जन गरियो । सुरुमा ऊर्जा परियोजनामा ३५ करोड अमेरिकी डलर लागत लाग्ने अनुमान गरिएकोमा गत साल परिमार्जन गर्दा ३२ करोडमा झारिएको थियो । खासगरी टावरको तौल कम हुने भन्दै लागत कम राखिएको स्रोतले बतायो । त्यसमध्ये तीन खण्डको प्रसारणलाइन परियोजनाका लागि २२ करोड ६ लाख लागत अनुमान गरिएको थियो ।

तर, लागत अनुमान गरिएपछिको अवधिका अन्तर्राष्ट्रिय बजारमा तामा तथा आल्मुनियम लगायत धातुको मूल्य अत्यधिक रुपमा बढेकाले कम्पनीहरुले गरेको बोलपत्र प्रस्ताव महँगो हुन पुगेको एक निर्माण कम्पनीसम्बद्ध अधिकारीले दाबी गरे ।

'पहिलो कुरा त यो परियोजना 'डिजाइन एन्ड बिल्ड' मोडलमा निर्माण हुँदै छ, निर्माण कम्पनीले नै यसको डिजाइन गर्ने हो । डिजाइन गरेपछि मात्रै वास्तविक लागत आउँछ,' उनले भने, 'त्यही भएर यस्ता परियोजनामा 'रेञ्ज' (यतिदेखि यतिसम्म)मा लागत अनुमान गर्ने अभ्यास छ । तर, एमसीए नेपालले अंक तोकेर अनुमान गरेको छ ।' लागत अनुमान रेञ्जमा नतोकेर अंकमा तोकिएकाले समस्या भएको उनको दाबी छ ।

एमसीए नेपालले मागेको खण्डमा बोलपत्रमा उल्लेख भएअनुसारका सामानहरुको मूल्यको विवरण (रेट एनालाइसिस) नै दिनसक्ने पनि उनले बताए ।

ट्रान्समिसन लाइनका लागि बनाइने टावरसम्म पुग्न नयाँ सडक निर्माण गर्न नपाइने कारणले ढुवानी खर्च बढी लाग्ने दाबी उनले गरेका छन् । 'एमसीसीको निर्देशिका अनुसार टावर बनाउने ठाउँसम्म नयाँ सडक बनाउन पाइँदैन, त्यसो हुँदा सडक नपुगेका ठाउँमा बोकेर वा हेलिकोप्टरमार्फत सामान ढुवानी गर्दा ठूलो खर्च हुन्छ,' उनले भने ।

त्यस्तै, एमसीसीको सामाजिक तथा वातावरणीय मापदण्ड पूरा गर्न पनि ठूलो खर्च हुने उनको भनाइ छ । 'यी मापदण्डहरु अमेरिकी स्टान्डर्डका छन्, त्यसका साथै मापदण्ड पालना भएको छ कि छैन भनेर सुपरिवेक्षण गर्ने एमसीएका परामर्शदाताहरुलाई दिनुपर्ने सुविधा पनि निकै उच्च रहेको छ ।'

त्यसो हुँदा एमसीए नेपालले वार्तामार्फत लागत घटाउनसक्ने सम्भावना कम रहेको पनि उनले बताए । 'वार्ता सफल हुनका लागि कि बजेट थप्नुपर्छ, कि आयोजनाको स्कोप र स्पेसिफिकेसन कम गर्नुपर्छ, त्यसो भयो भने समाधान निस्कन सक्छ ।'

पाँच वर्षभित्र सम्पन्न गर्ने गरी मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) परियोजना १३ भदौ (३० अगस्त) देखि कार्यान्वयन (इन्ट्री इन्टु फोर्स) मा गएको थियो । यो परियोजना २९ अगस्त २०२८ भित्र सम्पन्न भइसक्नुपर्ने छ । नेपाल र अमेरिकाबीच २९ भदौ २०७४ मा एमसीसी परियोजना अघि बढाउने सम्झौता भएको थियो।

नेपाल र अमेरिका सरकारको एमसीसीबीच ५० करोड अमेरिकी डलर अनुदान सहयोग लिने र १३ करोड नेपाल सरकारले योगदान गरी पूर्वाधार आयोजना बनाउने सम्झौता भएको थियो । तर, नेपाल सरकारले यो परियोजनामा गर्ने लगानी रकम ६ करोड ७० लाख डलर थपेर १९ करोड ५० लाख डलर पुर्‍याएको छ । नेपाल विद्युत् प्राधिकरणले एमसीसीअन्तर्गत नै थप काम गर्न प्रस्ताव गरेपछि त्यसो लागत नेपाल सरकारले बेहोर्ने गरी थपिएको हो । यसरी यो परियोजनाको कुल लागत करिब ९१ अर्ब ७४ करोड रुपैयाँ बराबर पुगेको छ ।

यो परियोजनाम प्रसारण लाइनका अतिरिक्त रातमाटे, दमौली र बुटवलमा तीनवटा ४०० केभीका सबस्टेसनहरू पनि निर्माण हुनेछन् । एमसीसीअन्तर्गत नै सडक सुधार योजना पनि सञ्चालन हुनेछ । यसअन्तर्गत दाङको भालुवाङदेखि बाँकेको सीमा शिव खोलासम्म ७७ किलोमिटर सडक सुधार गर्ने योजना छ ।

एमसीसीको पूर्वतयारीमा आयोजना कार्यान्वयन हुने स्थानमा साइट क्लियर भइसक्नुपर्ने तथा ठेक्का सम्झौता पनि भइसक्नुपर्ने उल्लेख छ । आयोजनाहरुको ठेक्का प्रक्रिया सुरु भइसकेको भन्दै परियोजना कार्यान्वयन सुरु गरिएको थियो । तर, हालसम्म जग्गा अधिग्रहण भइसकेको छैन । वार्ताद्वारा समस्या समाधान भएन र पुनः टेन्डर गर्नुपर्‍यो भने यसले परियोजनामा ढिलाइ हुन सक्नेछ ।

कक्प्याक्ट कार्यान्वयन सुरु भएको खुसी मनाउन एमसीसीकी प्रमुख कार्यकारी अधिकृत नेपालमा

नेपालमा सम्झौता कार्यान्वयन सुरुवात भएको उपलक्ष्यमा खुसी मनाउन एमसीसीकी प्रमुख कार्यकारी अधिकृत एलिस अलब्राइट नेपाल भ्रमणमा आएकी छन् । नेपालमा रहँदा उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, मन्त्रीहरु तथा उच्च पदस्थ सरकारी अधिकारीहरुसँग भेट गर्ने छिन् ।

सोमबार काठमाडौंमा ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतसँग भेट गर्दै एमसीसीकी प्रमुख कार्यकारी अधिकृत एलिस अलब्राइट । नेपालस्थित अमेरिकी दूतावासका अनुसार उनले एमसीसीको सफल सुरुवातका उपलक्ष्यमा हुने सेलिब्रेसन कार्यक्रममा उनी प्रधानमन्त्री पुष्पकमल दाहालसँगै उपस्थिति हुनेछिन् ।

'परियोजना कार्यान्वयन सुरुवात वा सम्पन्न भएपछि एमसीसी लागू भएका देशमा प्रमुख कार्यकारी अधिकृतले भ्रमण गर्ने अभ्यास रहेछ । त्यही भएर पूर्वनिर्धारित कार्यक्रमअनुरुप नै उहाँ आउनुभएको हो । एमसीसीको टेन्डर प्रक्रियासँग उहाँको भ्रमणको सम्बन्ध छैन,' एमसीए नेपाल स्रोतले भन्यो । *(स्रोत: अनलाइनखबर)*

# अनमोलविरुद्ध मानहानीको मुद्धा हाल्ने 'रावायण' लेखकको चेतावनी

काठमाडौं/फिल्म 'रावायण'लाई लिएर उत्पन्न विवाद उत्कर्षमा छ । अभिनेता अनमोल केसीले फिल्ममा काम गर्ने भनेर १० लाख पेश्की रकम लिएको तर पछि काम गर्न नमानेको भन्दै निर्माताले प्रहरीमा उजुरी दिएपछि उनी शुक्रबार पक्राउ परे । र, आइतबार साँझ हाजिरी जमानीमा उनी रिहा भए । प्रहरीले सोधपुछ गर्दा उनले स्क्रिप्ट मन नपरेकाले फिल्ममा काम गर्न अस्वीकार गरेको बताएका थिए ।



अनमोलले स्क्रिप्टमा दोष देखाएपछि 'रावायण'का लेखक शिवम् अधिकारीले उनीविरुद्ध कानुनी कारबाहीमा जाने चेतावनी दिएका छन् । उनले फेसबुकमा स्टाटस लेख्दै अनमोलले ४ महिनादेखि यही स्क्रिप्टमा आफूलाई तयार गरेको र हरेक क्षण उत्कृष्ट लागेको स्क्रिप्ट अचानक कसरी 'झुर' लाग्यो भनेर प्रश्न गरेका छन् । अनमोलले कारबाहीबाट बच्न आफ्नो मानहानी गरेको उनको दाबी छ ।

उनी फिल्मीखबरसँगको कुराकानीमा भन्छन्, 'सुदर्शन थापा र अनमोलको जुधाईमा मेरो सिर्जना किन बीचमा ल्याउनुपर्‍यो ? अनि, अनमोल 'वान लाइन स्टोरी' सुनेर फिल्म गर्न तयार भएको होइन । फाइनल स्क्रिप्ट मैले उसलाई इमेलमा पठाएको प्रमाण छ । म अनमोलसँग एकपटक बुझ्छु । उसले स्क्रिप्ट झुर भएरै काम नगरेको भन्ने जवाफ दिए कानुनी कारबाहीको प्रक्रियामा अघि बढ्छु ।'

स्क्रिप्ट सुनाएको पहिलो दिन नै अनमोलले 'बबाल' भनेको शिवम् स्मरण गर्छन् । अहिले स्क्रिप्टमाथि प्रश्न उठाउँदा आफ्नो मानहानी भएको उनले बताए । 'आफू कानुनबाट बच्न अरुलाई खराब देखाउन मिल्छ ? अरुलाई हिलो छ्यापेर आफू चाहिँ सफा बन्ने ? यो त बदमासी हो । यसविषयमा म एकपटक उसैसँग सोध्छु । यदि हो नै रहेछ भने म ऊविरुद्ध मानहानीको उजुरी हाल्छु,' उनले भने ।

यो विषयमा एउटा नजीर बस्न जरुरी रहेको उनको तर्क छ । धेरै कलाकारले फिल्ममा केही कुरा नमिलेपछि स्क्रिप्ट चित्त बुझेन भन्ने प्रवृत्ति रहेको र यसले लेखकको करिअरमै असर पर्ने उनी बताउँछन् । स्क्रिप्ट चित्त बुझेन भनेर व्यक्तिलाई भन्नु र मिडियालाई भन्नु फरक कुरा रहेको उनको बुझाई छ । 'पञ्चायत'को निर्देशक समेत रहेका उनले दुई दर्जन बढी फिल्मको स्क्रिप्ट लेखिसकेका छन् ।

# 'दिमाग खराब'को गीतमा निश्चल-स्वस्तिमादेखि दया-सुपुष्पासम्मको नृत्य

काठमाडौं/'लुट' फेम्ड निर्देशक निश्चल बस्नेतको निर्देशकीय कमब्याक फिल्म 'दिमाग खराब'को दोस्रो गीत सार्वजनिक गरिएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक 'झम्के झमा झम' बोलको लोक शैलीको गीतमा बाबुल गिरीको शब्द तथा संगीत छ भने सुमित खड्का र नम्रता कालेको स्वर सुन्न सकिन्छ । भव्य लाइटिङले तयार पारिएको आकर्षक सेटमा गीत खिचिएको छ ।




गीतमा निर्देशक बस्नेत आफैं नृत्य गर्दै प्रस्तुत छन् । उनले यसअघि पनि आफू निर्देशित 'लुट'को दुवै श्रृंखलाको गीतमा नृत्य गरेका थिए । 'दिमाग खराब' गीतमा उनको नृत्य छरितो देखिन्छ । उनीसँगै फिल्मका मुख्य कलाकारहरु दयाहाङ राई, स्वस्तिमा खड्का, खगेन्द्र लामिछाने, अर्पण थापा, विजय बराललगायत पनि नृत्य गर्दै देखिएका छन् । अभिनेत्री सुपुष्पा भट्टको पनि गीतमा नृत्य छ ।

सिनेमा आर्ट्स र ब्ल्याक हर्स पिक्चर्सको निर्माण रहेको फिल्ममा सुमन कार्की, पुष्कर गुरुङ, माओत्से गुरुङ, राजन खतिवडा, रमा थपलिया, गौरभी आरएल सिंह, गीत अधिकारी, कृष्णभक्त महर्जन, धीरज भट्ट, राहुल सिवाकोटी, नविन खड्कालगायतको पनि अभिनय छ । आकाश बरालको लेखन र मनोज पण्डित स्क्रिप्ट डाक्टर रहेको फिल्म राजनीतिक विषयमा केन्द्रित भएर बनेको छ ।

रौनक विक्रम कँडेल निर्माता र सुरज बम ठकुरी कार्यकारी निर्माताको रुपमा रहेको फिल्ममा सुसन प्रजापतिको छायांकन, निमेष श्रेष्ठको सम्पादन, जयन के बाइबा र बाबुल गिरीको संगीत, राजकुमार उप्रेतीको द्वन्द्व निर्देशन तथा रोहित शाक्यको ब्याकग्राउन्ड स्कोर छ । हिन्दू धर्मावलम्बीको ठूलो पर्व मानिने तिहारको अवसर पारेर आगामी कार्तिक २४ गतेबाट फिल्म प्रदर्शनमा आउँदैछ ।

# 'रावायण' निर्माताको खातामा हालिदिए अनमोलले १० लाख

काठमाडौं/सुदर्शन थापाको निर्देशनमा फिल्म 'रावायण'मा काम गर्ने भनेर अभिनेता अनमोल केसीले गत साउनमा पेश्कीबापतको १० लाखको चेक बुझेका थिए । तर, दुवै पक्षबीच कागजी सम्झौता भएको थिएन । विश्वासको भरमा काम अगाडि बढेको थियो । जब निर्देशक थापा सुटिङमा निस्कन तयार भए तब अनमोल काम गर्न मानेनन् । त्यसपछि उत्पन्न भएको विवाद प्रहरी हुँदै अदालतसम्म पुग्यो ।



सुदर्शनकी श्रीमती तथा निर्मात्री सुप्रिया कटुवालले असोज ८ गते आपराधिक विश्वासघातको आरोपमा १ करोड १५ लाख क्षतिपूर्ति माग गर्दै अनमोलविरुद्ध प्रहरीमा उजुरी दिएकी थिइन् । त्यही आधारमा असोज १२ गते उनी पक्राउ परे । असोज १४ गते प्रहरीले उनलाई हाजिरी जमानीमा रिहा गर्‍यो । रिहा भएकै भोलिपल्ट अनमोलले निर्मातालाई आफूले लिएको १० लाख फिर्ता गरेका छन् ।

उनका म्यानेजर भनिने निराजन गिरीले सोमबार 'रावायण'की निर्मात्री चन्द्रकला कटुवाल (सुप्रिया)को बैंक खातामा मंगलबार रकम जम्मा हुने गरी चेक डिपोजिट गरेका छन् । पक्राउपछि प्रहरीसँगको बयानमा भने अनमोलले स्क्रिप्ट चित्त नबुझेकाले फिल्ममा काम गर्न अस्वीकार गरेको र आफूले लिएको पेश्कीबापतको १० लाख फिर्ता गर्न खोज्दा समेत निर्माताले लिन नमानेको बताएका थिए ।

अनमोलले निर्मातालाई पैसा फिर्ता गरे पनि तनाव ज्यूँकात्यूँ छ । प्रहरीमा बकाइदा उजुरी परेकाले छलफलका लागि उनी जुनसुकै बेला उपस्थित हुनुपर्नेछ । यही सर्तमा उनलाई प्रहरीले रिहा गरेको हो । उनी अनुमतिबिना देश छाडेर समेत जान पाउने छैनन् । निर्माताले १ करोड १५ लाख क्षतिपूर्ति माग गरेकाले यो विषयमा छिनोफानो गर्न अब प्रहरीले दुवै पक्षसँग सहमतिको प्रयास गर्नेछ ।

# अधिकारको लडाइँ, आरक्षण.....

अझै पनि सुदूर-कर्णालीका विकट जिल्लाका महिला तथा किशोरीले पुरुषबाट विभेद सहेर बस्नुपर्ने बाध्यता छ । कतिपयले पीडा सहन नसकेर अकालमै मृत्युवरण गर्नुपरेका घटनाहरू गणना गर्न नसकिने अवस्थामा छन् । एउटा विद्यालयन तहमा पढ्दै गरेकी किशोरीले विद्यालयको कुनै अतिरिक्त क्रियाकलापमा भाग लिन पनि सकस भोगको घटना प्रयाप्त छन् । छोरी मान्छे भएर बाहिर घुम्न जानु हुँदैन । राति घर बाहिर बास बस्नु हुँदैन भन्ने सोच अझै पनि अधिकांश समुदायमा छ । यी घटना सम्झिँदा अझै पनि मन झसङ्ग हुन्छ ।

पङ्क्तिकारकै कुरा गर्दा अहिले कुनै राजनीतिक दलका भ्रातृ संस्थामा आबद्ध छ । विद्यार्थी राजनीतिक गर्दै गर्दा अधिकांश पुरुषहरूले भन्ने कुरा हो, 'अब उपमेयर लड्नु पर्छ ।' हुन त ती पुरुष मित्रहरूले मलाई श्रद्धापूर्ण ढङ्गले पनि भनेका हुन सक्छन् । तर त्यसलाई म पितृसत्तात्मक सोचका रूपमा लिन्छु । ती पुरुष मित्रहरूलाई म प्रश्न गर्न चाहन्छु- मैले उपमेयरकै लागि तयारी किन गर्नु पर्ने ? म मेयरका लागि चुनाव लड्न असक्षम हो ? महिलाले मेयरका लागि चुनाव लड्न नपाइने हो ? कि म महिला भएकै कारण उममेयरमै चित्त बुझाउनु पर्ने हो ? महिलाले जहिले पनि क्लस्टर वा सामानुपातिकमा मात्रै लड्नु पर्ने हो ? यो मानसिकता कहिलेसम्म ?

नेपालको संविधान २०७२ मा छिद्र खोजेर महिलाको हक अधिकार कुण्ठित गर्ने क्रम रोकिएको छैन । राजनीतिक प्रणाली फेरिए पनि नारीमाथि अन्याय र असमानता अन्त्य भएको छैन । नारीलाई कमजोर तथा शक्तिहीन ठानेर पन्छ्याउने परिपाटीको अन्त्य हुन सकेको छैन । ससाना पददेखि उच्च पदसम्म बहुमत नेतृत्व पुरुषकै छ । राज्यका अधिकांश स्थानीय तहमा प्रमुख पदमा पुरुष नै छन् । महिला समानुपातिकमा सीमित भएको अवस्था छ । संविधानले दिएको ३३ प्रतिशतको कोटा पुर्‍याउनकै लागि मात्रै पनि महिलालाई पद दिए जस्तो गर्ने पात्र र प्रवृत्तिको अन्त्य हुन सकेको छैन ।

घरको भान्सादेखि हुने महिलामाथिको विभेद देशको सर्वोच्च निकायमा पनि देखिन्छ । घरको कामकाज र समाजको व्यवहारमा महिलामाथि हुने र गरिने भेदभाव, अपमान, नियन्त्रण, शोषण तथा हिंसा त्यही पितृसत्ताका विभिन्न रूप हुन् । हामीले पुरुषको पितृसत्तात्मक सोचविरुद्ध आवाज उठाएर अगाडि बढ्न सकेमा महिलामैत्री समाज निर्माण गर्न टेवा पुग्छ । महिलाप्रतिको व्यवहार परिवर्तन गर्न सकेमा पुरुषको वर्चस्व न्यून हुन सक्छ । तब मात्रै समाजमा समानताको बिगुल बजाउन सकिन्छ । नारामा समानताको संज्ञा दिएर व्यवहारमा अपमानको अराजकता अबको महिलाले कदापि सहन सक्दैनन् ।

(साभार: रातोपाटी

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडा आएर गृहमन्त्री श्रेष्ठले भने, ‘सुशासनको अभियान रोकिँदैन’

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सरकारले सञ्चालन गरेको सुशासन अभियान नरोकिने दावी गरेका छन् । सोमबार निकास साप्ताहिकको २० औं वार्षिकोत्सवको उद्घाटन गर्दै हेटौंडामा गृहमन्त्री श्रेष्ठले भ्रष्टाचार, कुशासन र जाली फटडाहविरुद्ध काम गरिहदा त्यसको संरक्षकहरु आत्तिएको भन्दै सरकार सुशासनको अभियानमा लागिरहने बताएका हुन् ।



‘हामीले भ्रष्टाचार, कुशासन, जाली फटाहाविरुद्ध काम गरिरहदा त्यसको संरक्षकहरु आत्तिएका छन् र सरकार बिरुद्ध बोलिरहेका छन् । तर, हामी भ्रष्टाचारविरुद्धको अभियान, सुशासनको अभियान, समृद्धिको अभियानमा लागीनै रहने छौ,’ उनले भने । उनले वर्तमान सरकारको सुशासनको अभियननबाट जनतामा आशा र विश्वास बढिरहेको दाबी गरे । ‘अब हामीले विशेषत यी चार विषयमा जोड रहने छ । जसअन्तर्गत पहिलोमा हामीले राष्ट्रिय स्वाधीनता, राष्ट्रिय एकता र राष्ट्रिय अखण्डतालाई कायम राख्नु छ,’ उनले भने, ‘दोस्रोमा हामीले परिवर्तन गरी ल्याएको राजनीतिक परिवर्तनलाई कायम राख्नु छ ।

तेस्रोमा मुलुकमा सुशासनको अभियानलाई जारी राख्नु छ र चौथोमा हाम्रो देशमा भएको बिबिधताबीचको एकता, सद्भावलाई कायम राखी कुनैपनि हालतमा सामाजिक एकता र सद्भाव माथी खलल पार्न नदिन लागिपर्नु पर्ने छ ।’ गृहमन्त्री श्रेष्ठले सुशासनकै प्रत्याभूति गराउन सरकारले मन्त्रीहरुको अनावश्यक खर्चको कटौती, अनावश्यक पदक वितरलाई खारेजी, मिटरब्याजी समस्यालाई समाधान गर्न समिति बनाइ पीडितलाई न्याय दिने, प्रहरी प्रशासनभित्र हुने सरुवा बढुवा आदिमा हुने पैसा र पावरको चलखेललाई शुन्यमा झारेको दाबी गरे । उनले सरकारले सुशासन अभियानअन्तर्गत ललिता निवास, मिटरब्याज, भुटानी शरणार्थी, सुन तस्करी, भ्रष्टाचारका विभिन्न घटनाको छानबीन भइरहेको बताए ।

कार्यक्रममा बागमती प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले प्रदेशले अधिकार नपाउँदा नाममात्रैको सर कार बन्नुपरेको बताए । श्रेष्ठले प्रदेश सरकारलाई अधिकार र श्रोतसाधनबिहीन बनाइँदा चरा लखेट्न राखेको बुख्याँचा जस्तो बन्दै गइरहेको बताएका छन् । उनले प्रहरी र कर्मचारी नहुँदा प्रदेश सर कार नाम मात्रको बनेको बताए । मन्त्री श्रेष्ठले गठबन्धन सरकारको न्यूनतम साझा नीति, कार्यक्रममा बढीमा ६ महिनाभित्र प्रहरी समायोजन गरिसक्ने प्रतिबद्धता भएको उल्लेख गर्दै ६ महिना बितिसक्दा पनि प्रहरी समायोजन हुन नसकेको बताए ।

मन्त्री श्रेष्ठले संघीयता अनुरुपको ऐन, कानूनहरु निर्माण हुन नसक्दा गणतन्त्र मासेर राजतन्त्र पुनर्स्थापना गर्ने र संघीयता मासेर एकात्मक केन्द्रीकृत राज्य व्यवस्था फर्काउने अभिव्यक्तिहरु आउन थालेका बताए । उनले धर्मनिरपेक्षताको ठाउँमा पुन: हिन्दुराज्य बनाउने हुंकार पनि आउन थालेको बताए । उनले सरकारको कामकारबाहीले प्रतिगामीलाई मलजल पुगिरहेको हुनसक्ने भन्दै त्यसप्रति सचेत हुनुपर्ने बताए ।

मन्त्री श्रेष्ठले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र गृहमन्त्री नारायणकाजी श्रेष्ठ भएको बेलामा पनि प्रहरी समायोजन र निजामती ऐन बनेन भने संघीयताको भविष्यमाथि नै प्रश्नचिन्ह खडा हुने बताए । उनले गृहमन्त्री श्रेष्ठलाई संविधानको मर्म अनुसारका आवश्यक ऐन, कानुनहरु फटाफट निर्माण गर्न आग्रह पनि गरे । यसैगरी, सामाजिक विकास मन्त्री कुमारी मोक्तानले वर्तमान सरकारबाट जनताले ठुलो आश गरेको बताइन् । उनले सुधार गर्नुपर्ने केही पाटोहरु रहेपनि सरकार सुशासनको पक्षमा देखेको बताइन् । उनले सबैलाई आआफ्नो ढंगबाट दायित्व पूरा गर्न आग्रह गरिन् ।

निकास साप्ताहिक, सामुदायिक रेडियो, रेडियो सन्देश तथा थाहा नेपाल डटकमको संचालक सुनिल खड्काको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सरकार मुख्यमन्त्री शालिकराम जम्मरकट्टेल, बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, हेटौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामा, नेकपा माओवादी केन्द्र मकवानपुर जिल्ला संयोजक सर्केश घलान, नेपाली कांग्रेस मकवानपुर सचिव भीमसेन महत, नेकपा एकीकृत समाजवादी मकवानपुर अध्यक्ष बिष्णु दाहाल, जिल्ला समन्वय समिति मकवानपुर प्रमुख ललित घलान, अन्य नेताकार्यकर्ताको उपस्थिति रहेको ।

## बागमती प्रदेश मन्त्रिपरिषद बैठक
# ६ निकायमा कार्यरत कर्मचारीको दरबन्दी तेरिज स्वीकृत

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ बागमती प्रदेशको मन्त्रिपरिषद बैठकले ‘संगठन संरचना दरबन्दी तेरिज’ स्वीकृत गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशका विभिन्न ६ वटा निकायमा रहेका कर्मचारीको दरबन्दी तेरिज स्वीकृत गरेको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिए ।



मन्त्री श्रेष्ठका अनुसार क्रमिक रुपमा प्रदेशका अन्य मन्त्रालय र निकायहरुको पनि दरबन्दी तेरिज तयार गरी स्वीकृत गरिनेछ । प्रदेश सरकार स्थापना पश्चात निर्माण भएका विभिन्न २१ वटा निकायको अस्थायी दरबन्दीलाई स्थायी गर्ने प्रक्रिया अघि बढाउन कर्मचारीको दरबन्दी तेरिज स्वीकृत गरेको उनले बताए । प्रदेशमा रहेका अस्थायी दरबन्दीहरु प्रदेश किताबखानामा दर्ता भइ स्थायी रुपमा पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगले काम गर्ने उनको भनाइ छ । प्रदेश संरचनालाई थप सशक्त बनाउन यो काम महत्वपूर्ण हुने उनले बताए ।

मन्त्रिपरिषद बैठकले प्रदेश सुशासन केन्द्र स्थापना तथा कार्यसंचालन आदेश २०७७ संशोधन गर्ने निर्णयसमेत गरेको छ । बैठकले प्रदेश प्रशिक्षण विधेयक तर्जुमाको सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । गठन आदेशबाट सञ्चालन भइरहेको प्रदेश सुशासन केन्द्रलाई व्यवस्थित र स्थायित्व प्रदान गर्न ऐन जारी गर्ने तयारी अनुसार विधेयक तर्जुमाका लागि स्वीकृति प्रदान गरिएको हो । ऐन जारी भएपछि प्रदेश र स्थानीय तहका कर्मचारी, निर्वाचित पदाधिकारीहरुको क्षमता विकास सम्बन्धी तालिम लगायतका कार्यक्रम संचालन गर्न सहज हुनेछ ।

मन्त्रिपरिषद बैठकले चलचित्र विधेयक तर्जुमाको सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । चलचित्र क्षेत्रको विकास र विस्तारका लागि ऐन जारी गर्ने सरकारको तयारी छ । प्रदेश सरकारले कला मनोरञ्जन क्षेत्रलाई व्यवस्थित रुपमा सञ्चालन गर्न र सरकारका चलचित्र क्षेत्रसँगको विभिन्न योजना तथा कार्यक्रमहरु सञ्चालनमा सो ऐनले सहयोग पुग्ने जनाइएको छ ।

त्यस्तै मन्त्रिपरिषद बैठकले हस्तकला ग्राम स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक २०८० प्रदेशसभामा पेस गर्न सहमति प्रदान गरेको छ । यसअघि अध्यादेशबाट जारी भएको विधेयक पुन: विधेयकका रुपमा संसद पठाउने तयारी सरकारले गरेको हो ।

# परीक्षा अनुत्तीर्णलाई न्यायाधीश बनाएर न्यायालयमाथि कुठाराघात: बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ नेकपा (एमाले)का सचेतक महेश बर्तौलाले परीक्षामा अनुत्तीर्ण भएका व्यक्तिलाई जिल्ला न्यायाधीश नियुक्ति गरेर न्यायालयप्रतिको विश्वासमाथि कुठाराघात गरिएको बताएका छन् ।



सोमवार प्रतिनिधिसभा अन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार समितिको बैठकमा बोल्दै सचेतक बर्तौलाले न्याय सेवा आयोगले लिएको परीक्षा अनुत्तीर्ण भएकाहरुलाई जिल्ला न्यायाधीश नियुक्त गरिएको भन्दै आपत्ति जनाएका हुन् । उनले परीक्षामा अनुत्तीर्ण भएको न्यायाधीशबाट कस्तो न्यायको अनुभूति गर्ने ? भनि प्रश्न गरे । उनले न्यायाधीश नियुक्तिले न्यायालयप्रतिको मानिसको भरोसा र विश्वासमाथि कुठाराघात भएको बताए । उनले न्यायाधीश नियुक्तिको यथार्थताको सम्बन्धमा न्याय परिषद् र न्याय सेवा आयोगले समिति समक्ष स्पष्ट पार्नुपर्ने माग गरे ।

उनले भने, ‘न्याय सेवा आयोगले परीक्षा लियो । परीक्षामा अनुत्तीर्ण भएका प्रतिष्पर्धीहरु कसरी न्यायाधीश नियुक्तिका लागि योग्य हुनुभयो ? न्यायाधीश नियुक्तिमा जब हामी संविधान कार्यान्वयन गर्न सक्दैनौँ भने माननीयज्यूहरु तपाईँहरु के हेरेर बसिराख्नुभएको छ ? कानुनको व्याख्या गर्ने न्यायालयमा यस प्रकारको विषय गम्भीर, लाजमर्दो अवस्था निर्माण भयो ।

न्याय परिषद् र न्याय सेवा आयोगलाई तत्काल यो विषयमा भएको के हो ? यथार्थ के हो ? तत्काल बैठकमा डाकेर यो विषयमा स्पष्ट पार्नुपर्छ । यसले न्यायाधीश नियुक्तिको प्रक्रियामा, योग्यतामा प्रश्न सिर्जना भयो । अयोग्य भएको, परीक्षामा अनुत्तीर्ण भएको न्यायाधीशबाट कुन प्रकारको न्यायको अनुभूति गर्न सक्छौँ भन्नेगरी प्रश्न सिर्जना हुने खतरा भयो । यसले समग्र न्यायालयप्रतिको मानिसको भरोसा, विश्वासमाथि अर्को कुठाराघात हुनसक्ने संशय पैदा भयो ।’

त्यस्तै सचेतक बर्तौलाले नेपालगञ्जका चेतन मानन्धरलाई २०७२ असार २८ गते दिउँसै खुँडा प्रहार गरी हत्या गरेर आजीवन कारावासको सजाय भोगिरहेको रिगल डन भनिने योगराज ढकाललाई सरकारले कैद मिनाहा गरेकोप्रति पनि आपत्ति जनाए । उनले सरकारको निर्णयलाई राष्ट्रपतिले लालमोहर लगाएको भन्दै संविधान र कानूनले दिएको अधिकार गृहमन्त्रीले दुरुपयोग गरेको बताए ।

# आलुको बोरा लुटिएपछि खुल्यो ११ किलो सुन तस्करी

काठमाडौं, १५ असोज/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भएको तस्करीको सुन बरामद हुन थालेपछि गिरोहले स्थलमार्ग प्रयोग गर्न थालेको पाइएको छ ।



गिरोहले खासै प्रयोगमा नआएको दोलखास्थित चीनसँगको फलेक नाकाबाट सुन ल्याउने गरेको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) र जिल्ला प्रहरी कार्यालय, दोलखाले गरेको अनुसन्धानबाट देखिएको छ । जिल्ला प्रहरी कार्यालय, दोलखाका डीएसपी दीपक खड्काका अनुसार, पाँच दिनको अवधिमा बिगु गाउँपालिका-१ लामाबगर क्षेत्रबाट ११ किलो सुन बरामद भएको छ ।

इलाका प्रहरी कार्यालय, सिंगटीबाट प्रहरी निरीक्षक विक्रम लामाको नेतृत्वमा खटिएको टोलीले गएको बुधबार ४ किलो सुनसहित लामाबगरका केशर तामाङलाई पक्राउ गरेको थियो । उनको बयानका आधारमा यसमा पेम्बा तामाङ र नुर्बुछिरिङ शेर्पा पक्राउ परेका थिए । शेर्पा नेपालमा तस्करीको सुन व्यवस्थापन गर्ने मुख्य व्यक्ति भएको अनुसन्धानमा संलग्न अधिकृतहरु बताउँछन् ।

भरिया तामाङ सत्तारुढ नेपाली कांग्रेसको युवा संगठन तरुण दलसँग आबद्ध व्यक्तिसमेत हुन् । उनकै बयानका आधारमा प्रहरीले बिहीबार जामुनेस्थित सीता तामाङको घरबाट थप ३ किलो सुन बरामद गरेको थियो । अनुसन्धानका क्रममा प्रहरीले थप ४ किलो सुन यही गिरोहसँग रहेको थाहा पाएको थियो ।

त्यसक्रममा लामाबगरमा ढुंगामुनि लुकाएर राखेको अवस्थामा फेला परेको सुनसमेत गरेर कुल ११ किलो सुन प्रहरीले बरामद गरेको हो । चीनको हङकङबाट ब्रेक शुभित्र लुकाएर ल्याइएको ६० किलो सुन प्रकरणमा अनुसन्धान सकेर फाइल बुझाएलगत्तै उत्तरी नाकाबाट फेरि सुन बरामद भएपछि यसमा सीआईबीले पनि चासो देखाएको थियो ।

‘तीन किलो सुन बरामद भएलगत्तै सीआईबीको टोली पनि यसको अनुसन्धानमा खटिएको छ’, सीआईबीकी निर्देशक किरण बज्राचार्य भन्छिन्, ‘प्राविधिक पक्षको विश्लेषण र बजारसम्म सुन पठाउनेसम्मका विषयमा टोलीले अनुसन्धान गरिरहेको छ ।’

बज्राचार्यका अनुसार, हवाइमार्गबाट आएको सुन र दोलखामा बरामद ११ किलो सुन दुवै एउटै कम्पनीको उत्पादन भएको देखिएको छ । त्यहीकारण प्रहरीले यो प्रकरण ६० किलो सुनसँग पनि जोडिन्छ कि भन्ने आधारमा हेरेको उनी बताउँछिन् ।

‘तर हालसम्म ठ्याक्कै जोडिने अरु कडी भेटिएको छैन, लगानीकर्ता पनि तिब्बती मूलका चिनियाँ नागरिक भएको देखिन्छ’, एआईजी बज्राचार्य भन्छिन्, ‘व्यवस्थापनमा नेपाली नागरिकहरु संलग्न देखिन्छन् ।’

**जब बोरामा ल्याएको सुन हरायो**

अनुसन्धानमा संलग्न एक अधिकृतका अनुसार, यो गिरोहले दोलखाको सीमा क्षेत्रदेखि केही परको चीनको भूभाग फलेकबाट यसअघि पनि ‘केही पटक’ सुन ल्याएको हुनसक्छ ।

प्रहरीका अनुसार, रोङजिया नाकाबाट चीनको फलेकसम्म पुग्न सकिन्छ । त्यहाँबाट एकदिनको पैदलयात्रामा दोलखाको लामाबगर सम्म आइपुगिन्छ ।

‘औपचारिक नाका होइन चोरबाटाहरु छन्, नदीबाट सुनसमेत भएको आलुको बोरा फ्याँकेर वारि ल्याउने गरेको बयानबाट खुलेको छ’, अनुसन्धानमा संलग्न एक अधिकृतले भने, ‘त्यसरी सुनसहितको बोरा भरियालाई बोकाएर लामाबगरसम्म ल्याउने गरेको पाइएको छ ।’

प्रहरीका अनुसार, लामाबगरबाट चरिकोटतर्फ बस समेत चल्छन् । ‘सुन चाहिँ बोलेरोमा हालेर ल्याउने गरेको पाइएको छ, ११ किलो सुन पनि बोलेरोमा हालेर ल्याएको पाइएको छ’, एक अधिकृतले भने । स्रोतका अनुसार, पक्राउ परेकामध्ये पेम्बा तामाङले एक साताअघि उक्त जिपलाई आफ्नो सामान चरिकोटसम्म लगिदिन भनेका थिए ।

तर अधिकृतहरुका अनुसार, बोरामा सुन समेत छ भन्ने चालकलाई थाहा थिएन । ‘तर त्यसरी बोरामा सुन छ भन्ने थाहा पाएका तस्कर समूहकै केहीले बोलेरो पछ्याइरहेका रहेछन्’, अनुसन्धानमा संलग्न अधिकृत भन्छन्, ‘सिंगटी आसपास पुगेपछि ड्राइभरले चिया खान एकठाउँमा गाडी राकेका रहेछन्, त्यतिबेला आलुको बोरा गायब भएको रहेछ ।’

बोरा हरायो भनेर चालकले खबर गरेपछि बल्ल उनलाई त्यसमा सुन रहेको भनिएको थियो । त्यसक्रममा डराएर बोलेरो चालकले इलाका प्रहरी कार्यालय, सिंगटीमा खबर गरेका थिए ।

यसपछि भएको अनुसन्धानका क्रममा ११ किलो सुन बरामद भएको प्रहरी स्रोतले जनाएको छ । ‘चालक प्रहरी कहाँ नआएको भए थप अरु अपराध हुनसक्ने सम्भावना रहन्थ्यो’, एक अनुसन्धान अधिकृत भन्छन्, ‘प्रहरीले पनि समयमै रियाक्ट गरेका कारण थप अप्रिय घटना हुन पाएन ।’

२०७४ सालमा यसरी नै तस्करीको साढे ३३ किलो सुन बानेश्वर हाइटबाट हराउँदा भरिया सनम शाक्य मारिएका थिए । तस्करी गिरोहका नाइके चुडामणि उप्रेती ‘गोरे’ले सुन हराएपछि भरियाहरुलाई चरम यातना दिएका थिए ।

त्यसक्रममा शाक्यलाई करेन्ट लागेर यातना दिँदा उनको मृत्यु भएको थियो । त्यसपछि प्रहरीले थालेको अनुसन्धानका क्रममा सुन तस्करीको एउटा ठूलो र्‍याकेटको पर्दाफास भएको थियो, जसले चार वर्षमा ३८ क्वीन्टल सुन तस्करी गरेको खुलेको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# यातायात खर्च नबाँढ्न सहकारीलाई मेयरको निर्देशन




साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ हेटौंडा उपमहानगरपालिकाले सहकारी संघरसंस्थालाई वार्षिक साधारण सभामा सदस्यलाई यातायात खर्चको नाममा रकम नबाँड्न भनेको छ ।

उपमहानगर प्रमुख मीनाकुमारी लामाद्वारा जारी सूचनामा सहकारीले साधारणसभामा लामो लाइन लगाएर यातायात खर्च बाँड्ने गरेको भन्दै यस्तो कार्य नगर्न निर्देशन दिइएको छ । संघसंस्थाहरुको साधारण सभाको उपस्थिति स्वयमसेवकमार्फत ब्यवस्थित गर्न, सहकारीका सदस्यले सभामा उपस्थित सदस्यले कुर्सीमा बसेर अतिथिको धारणा सुन्न र आफ्ना धारणा राख्ने बातावरण बनाउन समेत भनिएको छ ।

सभामा सदस्यहरु यातायात खर्च बुझ्नेमा मात्र झुम्मिने, संस्थाको अवस्थाका बारेमा बुझ्न र अतिथिको धारणा पनि सुन्न र संस्थाको प्रतिवेदनमाथि आफ्ना धारणा पनि नराख्ने प्रवृत्ति रहेको भन्दै पालिकाले सदस्यको वास्तविक सहभागिता सभामा गराउन सूचनामार्फत आव्हान गरेको छ ।

# जिल्लामा डेंगू संक्रमितको संख्या ५६३ पुग्यो

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ पछिल्लो २४ घण्टामा अर्थात सोमबार दिउँसोसम्मको तथ्यांकअनुसार ८ जना नयाँ संक्रमित भेटिएसँगै मकवानपुरमा गत साउन १ गतेदेखि हालसम्म डेंगू संक्रमितको संख्या ५६३ पुगेको छ ।

स्वास्थ्य कार्यालय मकवानपुरले दिएको जानकारीअनुसार सोमबार हेटौंडा उपमहानगरपालिकाका ३ जना, मकवानपुरगढी गाउँपालिकाका १ जना, मनहरी गाउँपालिकाका २ जना, भीमफेदी र इन्द्रसरोवर गाउँपालिकाका १/१ जनामा डेंगू संक्रमण पुष्टि भएको हो । हालसम्म संक्रमित भएकामध्ये सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगरपालिमा रहेका छन । यहाँ ३८६ जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।

यसैगरी, थाहानगरपालिकाका दुई जना, मकवानपुरगढी गाउँपालिकाका १२ जना, बागमती गाउँपालिकाका २२ जना, मनहरी गाउँपालिकाका ५६ जना, इन्द्रसरोवर गाउँपालिकाका ३ जना, भीमफेदी गाउँपालिकाका १५ जना, बकैया गाउँपालिकाका १८ जना र राक्सिराङ गाउँपालिकामा २ जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।

**स्तनपान: बालबालिकालाई वरदान**

आमाको दूध बालबालिकाका लागि अमृत समान हुन्छ।

त्यसैले,

☞ स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,

☞ आमाको दूधको विकल्पमा बट्टाको दूध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,

☞ त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन।

त्यस्तो कार्य गरेको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रि वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारवाही हुनेछ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

NEEK Since1992

**We are Hiring**

**Civil Overseer**

A reputed manufacturing company is recruiting a qualified candidate based on Hetauda.

**Role & Responsibilities:**
- Able to understand construction drawing and evaluate technical components.
- Prepare BOQ of necessary material & equipment.
- Conduct regular supervise work performanceof project.
- Co-ordinate with government office regarding construction.
- Recommendation on final completion of construction projects for settlement.

**Job Specifications:**
- CTEVT / Diploma in Civil Engineering.
- Able to manage construction site and perform Quality control.
- Able to work in flexible hours as project activities and willing to travel to project site.
- Proficiency in CAD.

Qualified and Interested candidates can send their CVs to ***hetauda.vacancy.2080@gmail.com***

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना